# महालेखापरीक्षकको
# वार्षिक प्रतिवेदन
# २०७९

## मंगलसेन नगरपालिका

### अछाम




महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

## दूरदृष्टि (Vision)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था हुने।

(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)

## गन्तव्य (Mission)

राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने ।

(Provide Independent and Quality Audit Service to the Nation)

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| निष्ठा | (Integrity) |
| स्वतन्त्रता | (Independence) |
| व्यावसायिकता | (Professionalism) |
| पारदर्शिता | (Transparency) |
| जवाफदेहिता | (Accountability) |

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखा कानुनबमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्था बमोजिम स्थानीय तहको २०७७/७८ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ।

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, सरकारी लेखापरीक्षण मानदण्ड, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको प्रमुख उद्देश्यहरूमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी, जवाफदेहिता एवं पारदर्शिता र सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु रहेको छ । त्यसैगरी स्रोत साधनको प्राप्ति र परिचालन सम्बन्धमा नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रदान गरी सुशासन प्रवर्द्धनमा टेवा पुर्‍याउनु लेखापरीक्षणको उद्देश्य रहेको छ । आर्थिक वर्ष २०७७/७८ को लेखापरीक्षण सम्पन्न भएपश्चात जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका विषयहरू मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर रायसहितको अन्तिम प्रतिवेदन पठाइएको छ ।

लेखापरीक्षणबाट देखिएका व्यहोराहरु मूलतः आन्तरिक आय र राजस्व बाँडफाँटको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आय स्रोत व्यवस्थापनमा स्पष्ट कानूनी व्यवस्था नभएको, आय सङ्कलन न्यून रहेको, पर्याप्त आधार बेगर राजस्व छुट दिएको, बक्यौता असुलीमा प्रभावकारिता नआएको, बजेट अनुशासन कमजोर रहेको, अबण्डा बजेट राखेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरी अनुमोदन गर्ने गरेको, वर्षान्तमा बढी खर्च गरेको, खरिद कानुन विपरित खरिद गरेको, अत्यधिक प्रशासनिक खर्च गरेको, बचत अनुदान फिर्ता नगरेको, अनुत्पादक तथा वितरणमुखी खर्चको बाहुल्यता रहेको लगायत छन् । त्यसैगरी विकास निर्माणतर्फ योजना प्राथमिकीकरण नगरेको, साना तथा टुक्रे आयोजनाको छनौट गरेको, लागत अनुमान तथा आयोजना तयारीमा अत्यधिक रुपमा परामर्शदातामाथि निर्भर रहेको, जटिल प्रकृतिका कार्यहरू समेत उपभोक्ता समितिबाट गराएको, जनसहभागिता नजुटेको, दिगो विकासका लक्ष्य अनुरूप योजना र कार्यक्रम तर्जुमा नगरेको, दीर्घकालीन विकासको खाका तर्जुमा नभएको जस्ता समस्या रहेका छन् ।

स्थानीय तहको आन्तरिक व्यवस्थापनतर्फ आवश्यक अनुभवी र दक्ष जनशक्तिको कमी रहेको, कर्मचारी नियुक्ति तथा बढुवामा प्रदेश लोकसेवा आयोगको परामर्श नलिएको, सेवा प्रवाहमा अपेक्षित सुधार हुन नसकेको, स्रोत, साधन र सम्पत्तिको दुरुस्त अभिलेख नरहेको, सञ्चालित योजना, कार्यक्रम, सेवा प्रवाहको यथार्थ रुपले अभिलेख नराखेको, अधिकांशको बैंक हिसाब नभिडेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहनुका साथै आन्तरिक लेखापरीक्षण भरपर्दो र प्रभावकारी नभएको पाइएको छ। स्थानीय तहमा महालेखापरीक्षकको लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजु फस्यौंट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा भएको देखिएन । लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरू सुधार गरी गत विगतका बेरुजु उपर आवश्यक कारवाही गरी वित्तीय अनुशासन हुने व्यवस्था मिलाउनुपर्दछ ।

समय र जनशक्तिको सीमितताको बाबजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गरिएको र लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीले स्थानीय तहका प्रमुख सहितका पदाधिकारीहरूसँग छलफल समेत गरिएको थियो । लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापन, विकास निर्माण र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुर्‍याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरू र लेखापरीक्षण तथा प्रतिवेदन तयारीमा संलग्न यस कार्यालयका कर्मचारीहरू सबैलाई धन्यवाद ज्ञापन गर्दछु ।

**(टंकमणि शर्मा, दंगाल)**

२०७९ आषाढ **महालेखापरीक्षक**

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
अनामनगर, काठमाडौं, नेपाल
Anamnagar, Kathmandu, Nepal
प्रदेश लेखापरीक्षण महानिर्देशनालय
(सुदूरपश्चिम प्रदेश)

पत्र संख्याः २०७८।७९
च.नं.
मितिः २०७९।३।२०

विषयः लेखापरीक्षण प्रतिवेदन ।

श्री नगर प्रमुखज्यू,
मंगलसेन नगरपालिका,
अछाम ।

**कैफियत सहितको राय**

हामीले **मंगलसेन नगरपालिकाको** आर्थिक वर्ष २०७७/७८ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरण तथा लेखा टिप्पणीहरूको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक पेश भएको २०७८ आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७७/७८ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरणले स्थानीय तहसँग सम्बन्धित प्रचलित कानुनबमोजिम सारभूत रूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ ।

**कैफियत सहितको राय व्यक्त गर्ने आधार**

१. लेखापरीक्षणबाट रु. ३ करोड २६ लाख ४७ हजार बेरुजु देखिएको छ । सोमध्ये असुल गर्नुपर्ने रु.१ करोड १४ लाख १६ हजार, प्रमाण कागजात पेश गर्नुपर्ने रु.१ करोड ७४ लाख ६३ हजार, नियमित गर्नुपर्ने रु.२७ लाख ७३ हजार, र पेस्की बाँकी रु.९ लाख ९५ हजार रहेको छ । पालिकाको गत वर्षसम्म रु.७ करोड ६६ लाख २१ हजार बेरुजु बाँकी रहेकोमा यस वर्ष समायोजन र सम्परीक्षणबाट फछ्र्यौट एवं यो वर्ष कायम भएको बेरुजु समेत हालसम्मको अद्यावधिक बेरुजु रु.९ करोड ९ लाख १९ हजार रहेको छ । यस पालिकाको बेरुजु वर्गीकरण र अद्यावधिक बेरुजु स्थिति यसैसाथ संलग्न छ ।
२. पालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, असुली लक्ष्यअनुसार नभएको, कर्मचारीको दरबन्दीअनुसार पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा प्रभावकारिता नआएको, अनुदानको पर्याप्त अनुगमन नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको लगायतका व्यहोरा लेखापरीक्षण प्रतिवेदनमा औल्याइएको छ।कार्यालयबाट सम्प्रेषित लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन यसको अङ्गको रुपमा रहेको छ ।
३. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानूनबमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौं ।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

**वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकृतको जिम्मेवारी**

आर्थिक कार्यबिधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ। नगर कार्यपालिका, नगर प्रमुख र प्रमुख प्रशासकीय अधिकृत पालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ती समेतका कारण सारभूत रूपमा गलत आँकडारहित होस् भनी उचित आश्वस्तता प्राप्त गरी रायसहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो।लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ती पत्ता लगाउन सक्ने निश्चितता भने हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तीलाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।

(तारा प्रसाद पाण्डे)
नायब महालेखापरीक्षक

Phone: 4258174, 4266034, A.G. Fax: 977-1-4268309, Fax: 977-1-4262798, Post Box:13328
Email : aag.mgmt@oagnep.gov.np,Info@oag.gov.np Website : www.oag.gov.np

## मंगलसेन नगरपालिका, अछाम

## बेरुजु बर्गिकरण (बिनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)
## २०७७।७८

*(रु. हजारमा)*

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फस्यौंट | | | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | असुल गर्नुपर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | दफा संख्या | | रकम | | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | राजस्व लगत जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | | | | | | |
| ४० | ५४ | ३२६४७ | ० | ० | ० | ४० | ५४ | ३२६४७ | ११४१६ | २७७३ | १७४६३ | ० | ० | २०२३६ | ९९५ |

## अद्यावधिक बेरुजु स्थिति
## २०७७।७८

*(रु. हजारमा)*

| गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्षको **फस्यौंट** | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|
| ७६६२१ | ० | १८३४९ | ५८२७२ | ० | ३२६४७ | ९०९१९ |

# आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०७७/७८

कार्यालय र स्थान : मंगलसेन नगरपालिका, अछाम , मंगलसेन नगरपालिका , अछाम

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | ओमकार शाह | २०७७-४-१ | |
| कार्यालय प्रमुख | खकेन्द्र बहादुर सोडारी | २०७७-५-२५ | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | विष्णु प्रसाद उपाध्याय | २०७६-१०-११ | |
| | | **बेरुजु रकम** | ३२,६४७,३४१ |

स्थानीय तह :

| | | | |
|---|---|---|---|
| गत बर्षको जिम्मेवारी | | ६,४९,४४,७४५.५४ | |
| आम्दानी | | खर्च | |
| संघीय सरकारबाट अनुदान | ५८,६३,४०,३९५ | चालु खर्च | ५३,६३,४६,३५९.६ |
| प्रदेश सरकारबाट अनुदान | २,८८,५४,००० | पूँजीगत खर्च | २०,२७,८३,५२२ |
| राजश्व बाँडफाँट | ९,०१,४७,५११.२ | वित्तीय/अन्य व्यवस्था | ० |
| आन्तरिक आय | ७७,९६,९२७.७ | | |
| अन्य आय | १,७२,७८,७१८.४१ | | |
| कुल आय | ७३,०४,१७,५५२.३१ | कुल खर्च | ७३,९१,२९,८८१.६ |
| बाँकी मौज्दात | | ५,६२,३२,४१६.२४ | |


https://nams.oag.gov.np

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १ | | | **परिचय**<br>स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको सञ्चालन गर्ने उद्देश्यले यस नगरपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले सञ्चालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु नगरपालिकाको उद्देश्य रहेको छ । यस नगरपालिका अन्तर्गत १४ वडा, ७३ सभा सदस्य, २२०वर्ग किलोमिटर क्षेत्रफल तथा ३७ हजार ४९६ जनसंख्या रहेको छ ।<br>आर्थिक वर्षको अन्त्यमा प्रदेश समपूरक अनुदान सन्चित कोष दाखिला गर्नुपर्नेमा लेखापरीक्षणले औंल्याएपछी रु.९७६३५५.०० लेखापरीक्षणको क्रममा सञ्चित कोष दाखिला गरेको छ ।<br><br>**१. वित्तीय विवरणः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७२ मा गाउँपालिका तथा नगरपालिकाले प्रत्येक वर्षको साउन एक गतेदेखि आगामी वर्षको असार मसान्तसम्मको अवधिलाई आर्थिक वर्ष कायम गरी आय र व्ययको हिसाव राख्नुपर्दछ। सोही ऐनको दफा ६९ मा तोकीय अनुसार नगरपालिकाले आफ्नो आर्थिक कार्य प्रणालीको व्यवस्थापन गर्नुपर्दछ । यस सम्बन्धमा देखिएका व्यहोरा देहाय बमोजिम छनः<br><br>• स्थानीय तहको असार मसान्तको बैंक मौज्दात र श्रेस्ताको मौज्दात रु.९९२३८०१.०९ ले फरक देखिएकोमा उक्त फरक रकमको वैंक हिसाव विवरण तयार गरेको छ ।<br>• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२(२) मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेकोमा यस नगरपालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको NEPSAS based ढाँचामा प्रतिवेदन तथा लेखाङ्कन गरेको पाईएन ।<br>त्यसैले तोकेबमोजिमका वित्तीय विवरणहरु तथा खाताहरु अद्यावधिक गरी आय र व्ययको वास्तविक स्थिति देखिने गरी लेखांकन गर्नुपर्दछ । | |
| २ | | | **बैंक हिसाव मिलान नगरेको**<br>स्थानीय तह सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६(२) बमोजिम स्थानीय तहले आफ्नो कारोबारको लेखा महालेखा नियन्त्रक कार्यालयको सिफारिशमा महालेखापरीक्षकबाट स्वीकृत भएको ढाँचामा राख्नुपर्ने उल्लेख छ । सो बमोजिम मासिक रुपमा स्रेस्ता र बैक खाताको हिसाब मिलान बिबरण तयार गर्नुपर्नेमा स्थानीय तहले सञ्चालन गरेको देहायबमोजिमको खाताको बैंक हिसाब मिलान विवरण तयार गरेको छ । | |

| सि.नं. | खाताको नाम | श्रेस्ता अनुसार बाँकी | बैंक स्टेटमेण्ट अनुसार बाँकी | फरक |
|---|---|---|---|---|
| १ | म.न.पा.ग-२.२ चालु खर्च खाता | 1843907.05 | 2585020.63 | ७४१११३.५८ |
| २ | म.न.पा.ग-२.४ पूँजिगत खर्च खाता | 8054621.15 | 19684644.36 | ११६३००२३.२१ |
| ३ | म.न.पा.ग-२.7 विविध खर्च खाता | 3174065.58 | 3274065.58 | १०००००.०० |
| ४ | म.न.पा.ग-4.1 संचितकोष खाता | 40894141.51 | 40894141.51 | ० |
| ५ | म.न.पा.ग-5.1 विविध कोष खाता | 5750481.20 | 5750481.20 | ० |
| ६ | म.न.पा.ग-7.2 प्रकोप व्यवस्थापन कोष खाता | 114215.00 | 114215.00 | ० |
| ७ | म.न.पा.ग-३ धरौटी खाता | ६२९९५१२.९५ | 6323511.95 | २३९९९.०० |
| | जम्माः | | | १२४९५१३५.७९ |

३

**आन्तरिक नियन्त्रण प्रणाली**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागु गर्नुपर्नेमा लागु गरेको पाईएन। यस सम्वन्धमा देखिएका अन्य व्यहोराहरु तपशिल वमोजिम रहेका छन ।

- स्थानीय सरकार सञ्चालन ऐन, 2074 को दफा 11 अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखाङ्कन र व्यवस्थापन गर्नुपर्नेमा सो गरेको पाईएन।
- नगरपालिकाले २०७७।७८ को अवधिमा भएको आफ्नो आर्थिक कारोवारको अनुसुची २११ वमोजिम ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाईएन ।
- नगरपालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन । साथै नगरपालिकाबाट यस वर्ष सञ्चालित कार्यक्रम तथा योजनाको कार्यान्यवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार गरेको पाईएन।
- कार्यालयको श्रेष्ता र बैंक विचको हिसाव फरक परे वा नपरेको सम्वन्धमा वैक हिसाव मिलान विवरण तयार नगरेको कारण हिसाव मिलान भए नभएको सम्वन्धमा यकिन गर्न सकिएन ।
- राजस्व संकलन सम्बन्धमा सुचना प्रबिधिको प्रयोग गरी सबै कारोबार बैकिङ्ग प्रणाली मार्फत गर्ने गरेको देखिएन ।

- अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा नगरपालिकाले सो बमोजिम मध्यकालीन खर्चको संरचना तयार गरेको पाईएन ।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा गाउँपालिका तथा नगरपालिकाले आफ्नो अधिकार क्षेत्रभित्रका विषयमा स्थानीयस्तरको विकासका लागि आवधिक, वार्षिक, रणनीतिगत विषय क्षेत्रगत मध्यकालीन तथा दीर्घकालीन विकास योजना तयार गरी कार्यान्वयनमा ल्याएको पाईएन ।
- नगरपालिकाले आफ्नो क्षेत्रमा कार्यान्वयन हुने आयोजनाको बिश्लेषण गरी सम्भाब्य आयोजनाको बैंक खडा गरेको देखिएन ।
- दिगो बिकास योजना (२०१५-३०) लाई कार्यान्वयन गर्ने सन्दर्भमा लक्ष्यलाई आन्तरिकीकरण गर्ने र मध्यकालिन लक्ष्यहरु तोकि मुल्याङ्कन गर्ने कार्य भएको देखिएन ।
- नगरपालिकाले जिन्सी सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता अध्यावधिक नगरी वडा कार्यालय तथा विभिन्न संघ संस्थालाई वितरण गरेको पाईयो।
- वडा कार्यालयमा रहेका जिन्सी सामान सहितको अभिलेख देखिने गरी नगरपालिकाको मूल जिन्सी खाता अध्यावधिक गरेको पाईएन ।
- जिन्सी निरिक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा गरेको पाईएन ।
- मूल्य अभिवृद्धिकर नियमावली, २०53 को नियम 6क मा ठेक्का सम्झौता र कर भुक्तानीको जानाकारी सम्वन्धित आन्तरिक राजस्व कार्यालयलाई दिनु पर्नेमा दिएको छैन । साथै आर्थिक वर्षको अन्त्यमा मात्र ई-टीडिएस गरेको पाइयो।
- कुनै रकमको भुक्तानी दिँदा रित पुगेको वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा सो अनुसार गरेको पाईएन ।
- सार्वजनिक खरिद नियमावली, 2064 को नियम 7 र 8 मा खरिदको गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा तयार गरेको पाईएन।
- ठेक्काहरुको विस्तृत विवरण देखिने गरी ठेक्का अभिलेख खाता र कन्टिन्जेन्सी खाता राखेको पाईएन।
- नगरपालिकाले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गरेको पाइएन ।
- स्थानीय सरकार सञ्चालन ऐन, 2074 को दफा 74(2) अनुसार सार्वजनिक खरिद नियमावली वनाई लागु गर्न सक्ने व्यवस्था भएकोमा सार्वजनिक खरिद नियमावली वनाएको पाईएन ।
- सार्वजनिक खरिद नियमावली, 2064 को नियम 97 अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन ।
- संस्था दर्ता ऐन, २०३४ दफा ३ वमोजिम नगरपालिकाबाट सञ्चालन भएका विभिन्न योजना निर्माण कार्य गर्न सम्झौता गठन गरेका उपभोक्ता समिति ऐनको उक्त व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको पाइएन ।
- नगरपालिकाले आयोजना/कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फmबाट नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्नेमा सो नगरेको र लागत सहभागिता सहितका लागत अनुमान तयार गरेको देखिएन ।

| | | | | |
|---|---|---|---|---|
| | | | • सञ्चालित योजनाको सूचना पाटीमा आय–व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्नेमा अधिकांशतः पालना भएको पाईएन।<br>• वातावरणको संरक्षणको एकिकृत दिर्घकालीन योजना तयार गरेको पाइएन। शहरीकरण भैरहेका स्थानलाई मध्यनजर राख्दै फोहोरमैला ब्यबस्थापन स्थल पहिचान एबं कार्ययोजना तयार गरेको पाईएन ।<br>• नगरपालिकाको विकास निर्माण व्यवस्थापन तथा सेवा प्रवाहका लागि प्राविधिक र प्रशासनिकतर्फ समेत ६९ कर्मचारीको दरबन्दी स्वीकृत भएकोमा ३३ पदमात्र पदपूर्ती भएको देखियो । प्रमुख प्रशासकिय अधिकृत सहित ३६ पद रिक्त रहेकोले कार्यालय सञ्चालनमा कर्मचारीको अभाव रहेको पाईयो ।<br>• सुशासन व्यवस्थापन तथा सञ्चालन नियमावली, २०६५ वमोजिम नागरिक वडापत्रमा उल्लेखित सेवाहरुको कार्यान्वियन स्थिती अनुगमन गर्न अनुगमन संयन्त्र तय गरेको पाईएन ।<br>• नगरपालिकाले कर्मचारीहरुको कार्य विवरण वनाई लागु गरेको पाईएन ।<br>• संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको 2073।12।25 को परिपत्र अनुसार यस नगरपालिकामा समाहित भएका साविकका गाँउ विकास समितिको नाममा रहेका पेश्की तथा वेरुजुको लगत तयार गरेको पाईएन ।<br>• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाउनुपर्नेमा यस पालिकाले हालसम्म ९ ऐन, ७ नियमावली, १९ कार्यविधि ४ निर्देशिका र निती र आचार संहिता २ समेत ४१ कानुन एवं कार्यविधि निर्माण गरी कार्यान्यनमा ल्याएको छ ।<br><br>तसर्थ नगरपालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकीए बमोजिम प्रभावकारी र विश्वशनीय बनाइ सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ । | |
| ४ | | | **बजेट तथा कार्यक्रम तर्जुमा**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी अगामी वर्षको नीति तथा कार्यक्रम, वजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई अपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने व्यवस्था अनुसार समिति गठन गरेको भएतापनि अगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रम विच परिपूरकता कायम गरेको समेत नदेखिएकाले वजेट तर्जुमा गर्दा ऐनमा भएको व्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ । | |
| ५ | | | **बजेट पेश, पारित र अख्तियारी**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस नगरपालिकामा नगर उप-प्रमुख | |

श्री सरिता उपाध्यायले आर्थिक वर्षा २०७७।७८ को लागी २०७७।३।१० गते रु.६५ करोड ४१ लाख ५५ हजारको बजेट सभा समक्ष पेश गरेकोमा २०७७।३।२५ मा पारित भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले २०७७।६।५ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ । कानूनले तोकेको समयमा आय र व्ययको अनुमान पेश गरी पारित गर्ने र अख्तियारी दिनेतर्फ ध्यान दिनुपर्दछ ।

६

**अवण्डा बजेट**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय आर्थिक अवस्था समेतको आधारमा बजेट तथा कार्यक्रमको प्राथमिकीकरणका आधार तयार गरी स्रोत अनुमान तथा सीमा निर्धारणका आधारमा अबण्डा नराखी आय–व्ययको अनुमान पेश गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहले यो बर्ष रु.३० लाख अन्य सार्वजनिक निर्माण भनी अबण्डा राखेको छ । उक्त अबण्डा रकम कार्यपालिकाको निर्णयबाट पूँजीगततर्फ अछाम वहुमुखी क्याम्पसलाई सार्वजनिक निर्माण वापत रु.२५०५५६८.०० र वडा नं. ३ र ६ को शौचालय निर्माण वापत रु.४९४४३२.०० बजेट खर्च गरेको छ । बजेट अबण्डमा राखी कार्यपालिकाको निर्णयबाट खर्च गर्ने प्रक्रियामा नियन्त्रण गर्नुपर्दछ ।

७

**चौमासिक पूँजीगत खर्च**

आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २३ बमोजिम स्वीकृत भएको कार्यक्रममा नियम २५ बमोजिम चौमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र चौमासिक लक्ष्य तथा कार्यक्रम बमोजिम कार्यसम्पादन सम्पन्न गरी कार्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । कार्यालयले उपलव्ध गराएको विवरण अनुसार चौमासिक पूँजिगत खर्चको स्थिति देहाय बमोजिम छ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।

| सि.नं. | पूँजीगत खर्च शीर्षक | कुल खर्च | चौमासिक खर्च (रु.हजारमा) | | | आषाढ महिनाको मात्र खर्च |
|---|---|---|---|---|---|---|
| | | | प्रथम चौमासिक | दोस्रो चौमासिक | तेसो चौमासिक | |
| १ | पूँजिगत खर्चतर्फ | 18341३ | 6015 | 2938८ | 148010 | 7791१ |
| | प्रतिशत | | ३.२८ | १६.०२ | ८०.७० | ४२.४७ |

नगरपालिकाले उपलव्ध गराएको विवरण अनुसार तेस्रो चौमासिकमा रु.१४ करोड ८० लाख १० हजार अर्थात कूल पूँजीगत खर्चको ८०.७० प्रतिशत खर्च गरेको छ । आषाढ महिनामा मात्र कूल पूँजीगत खर्चको ४२.४७ प्रतिशत खर्च देखिनुले वर्षान्तमा मात्र विकास निर्माण कार्यमा खर्च भएको देखिएकोले सन्तुलित खर्च भएको देखिएन । स्वीकृत कार्यक्रम अनुसार चौमासिक रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वयन गर्नुपर्दछ ।

| ८ | | | **क्षेत्रगत बजेट र खर्च**<br>स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ। नगरपालिकावाट प्राप्त विवरण अनुसार २०७७।७८ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहाय अनुसार रहेको देखिन्छ । | |
|---|---|---|---|---|

| मुख्य क्षेत्र | वार्षिक वजेट | खर्च रकम | कुल खर्च मध्ये प्रतिशत |
|---|---|---|---|
| आर्थिक विकास | 78390000 | 67375149.93 | 85.95 |
| पूर्वाधार विकास | 115312846 | 96817156.99 | 83.96 |
| सामाजिक विकास | 284037740 | 261400582.41 | 92.03 |
| संस्थागत विकास, सेवा प्रवाह र सुशासन | 20521000 | 15221206.94 | 74.17 |
| अन्य कार्यालय संचालन तथा प्रशासनिक | 155893730 | 124456218.44 | 79.83 |
| **जम्मा** | **654155316** | **565270314.71** | 86.41 |

नगरपालिकाको यस बर्षको कूल आन्तिरक आयबाट रु.७७९६९२७.०० राजस्व बाँडफाँड र अनुदानबाट रु.५८२०८३४३६.०० समेत रु.५८९८८०३६३.०० आम्दानी भएकोमा चालु तर्फ रु.४६८४५३१५८.०० र पूँजिगत तर्फ रु.९६८१७१५६.०० समेत रु.५६५२७०३१५.०० खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा १.३८ प्रतिशत रहेको छ । यसबर्ष पदाधिकारी सुबिधामा रु.१८५२००००.०० खर्च भएको छ । जुन आन्तरिक आयको २३७.९३ प्रतिशत रहेको छ । नगरपालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट ८२.८७ प्रतिशत चालु र १७.१३ प्रतिशतमात्र पूँजिगत निर्माणमा खर्च भएको देखिन्छ। यसबाट नगरपालिकाले विकास निर्माण प्रयोजनमा न्यून खर्च गरेको प्रशासनिक प्रयोजनमा बढी खर्च भएको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा विकास निर्माण प्रयोजनमा परिचालन गरिनुपर्दछ ।

| ९ | | | **कर्मचारी करार**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको लागि तथा सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ । तर नगरपालिकाले विभिन्न पदमा ७९ जना कर्मचारीहरु करारमा राखी रु.१६८६५०९५।- खर्च लेखेको छ ।<br>त्यसैगरी सोही ऐनको २०७४ को दफा ८३(८) वमोजिम नगरपालिकाले नगर प्रहरी, सवारी चालक, कार्यालय सहयोगी, पलम्बर, इलेक्टीसियन, चौकिदार, माली, बगैँचे | |
|---|---|---|---|---|

| | | | | |
|---|---|---|---|---|
| | | | लगायतका पदमा मात्र करारवाट सेवा लिन सकिने व्यवस्था गरेको छ । यस स्थानीयतहले माथि उल्लेखित पद वाहेकको विभिन्न ६ पदमा २५ जना करार नियुक्ति गरी बर्षभरीमा रु.६६,४०,०००।- भुक्तानी गरेको छ । दरवन्दी भन्दा वढी पदमा करारमा कर्मचारी नियुक्ति गर्न मिल्दैन । | |
| १० | | | **न्यायीक समिति**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गत बर्ष फछर्योट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाँकी २ र यो बर्ष थप भएको १३ गरी कुल १५ विवाद दर्ता भएकोमा ११ वटा मात्र फछर्योट भई ४ बाँकी देखिन्छ । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फछर्योट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ । | |
| ११ | | | **आन्तरिक लेखापरीक्षण**<br>स्थानीय तह सञ्चालन ऐन, २०७४ को दफा ७७ (२) मा स्थानीय तहले आर्थिक कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारीताको आधारमा प्रत्येक चौमासिक समाप्त भएको एक महिना भित्र आन्तरिक लेखापरीक्षण गराउनु पर्ने उल्लेख छ । यस नगरपालिकाले २०७७।७८ को आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराएको छैन । तसर्थ कानुनमा तोकिए बमोजिम आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराई आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउने तर्फ ध्यान दिनुपर्दछ । | |
| १२ | | | **बैठक भत्ता**<br>सूदुर पश्चिम प्रदेश अन्तर्गत स्थानीय तहका पदाधिकारी तथा सुविधा सम्बन्धी ऐन. २०७६ वमोजिम स्थानीय तहका पदाधिकारी र सदस्यले प्रति वैठक रु.१०००.०० का दरले वैठक भत्ता लिन पाउने व्यवस्था छ । तर यस नगरपालिकाले भौ.नं.३७७-२०७७।१२।४, ४३८-२०७७।१२।३० वाट पटक पटक गरी १२ वैठकको वैठक भत्ता भुक्तानी गर्दा रु.१५००.०० का दरले वढि भुक्तानी गरेको रु.२५९५००.०० गरेकोमा करकट्टी गरेको रकम कटाई वढी भुक्तानी भएको रकम सम्बन्धितवाट असुल गर्नुपर्ने रु. | २२०,५७५ |
| १३ | | | **विविध खर्च**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । नगरपालिकाले यो वर्ष खाना तथा विविधतर्फ मात्र रु.३३९००००.०० खर्च गरेको छ । यस्तो खर्चमा मितव्ययिता कायम गर्नु पर्दछ। | |
| १४ | | | **आर्थिक सहायता**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहको रकमबाट आर्थिक सहायता, चन्दा, पुरस्कार एवं संस्थागत अनुदान वितरण गर्न पाउने व्यवस्था रहेको देखिंदैन । यस नगरपालिकाले विभिन्न प्रयोजनको लागि यो वर्ष व्यक्ति एवं संघ संस्थालाई रु.१९९८०००.०० आर्थिक सहायता वितरण गरेको पाइयो । यस्तो खर्चमा | |

| | | | | |
|---|---|---|---|---|
| | | | मितव्ययिता कायम गर्नु पर्दछ । | |
| १५ | | | **अनुदानको अनुगमन**<br>सार्वजनिक निकायबाट उपलब्ध गराईएको अनुदानको सही सदुपयोग भए नभएको एकीन गर्न अनुदान उपलब्ध गराउने निकायले समय समयमा अनुगमन गर्नुपर्दछ । तर नगरपालिकाले पोषण सुधारका लागी विपन्न महिला सहकारी समूहमा आय आर्जनको लागी अनुदान वापत १३ सहकारी संस्थालाई प्रति सहकारी संस्था रु.४२५००.०० का दरले रु.५५२५००.०० र महिला सेफ हाउस सन्चालनको लागी मंगलासैन वहुउद्वेश्यीय सहकारी संस्थालाइ रु.१००००००.०० अनुदान उपलव्ध गराएको छ । तर नगरपालिकाबाट बितरण भएको अनुदानको सही सदुपयोग भए नभएको सम्बन्धमा अनुगमन तथा सोबाट प्राप्त उपलव्धी मापन गरेको छैन । साथै अनुदान सम्बन्धमा स्थानीय अनुदान नीति तय गरेका छैनन् । तसर्थ अनुगमनलाई प्रभावकारी वनाई संघ, प्रदेश तथा स्थानीय तहबाट वितरण हुने अनुदानमा दोहोरोपना नहुने गरी अनुदानग्राहीको जीबनस्तरमा सुधार आएको यकिन गरी रकमको पूर्ण सदुपयोग गराउनेतर्फ ध्यान दिनुपर्दछ । | |
| १६ | | | **समानीकरण अनुदानबाट शिक्षकको तलब भत्ता**<br>अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ९ ले स्थानीय तहलाई स्वीकृत दरबन्दी भित्रका शिक्षकको तलब भत्ता बापत सशर्त अनुदान उपलब्ध गराउने व्यवस्था छ । नगरपालिकाले स्वीकृत दरबन्दीभित्र नपरेका १३ विद्यालय तथा ५९ प्रारम्भीक वाल शिक्षा केन्द्रका शिक्षकलाई क्रमश रु० ५९,४४,८१६.०० र १०,९२,०००.०० गरी जम्मा रु० ७०,३६,८१६। वित्तीय समानीकरण अनुदानबाट तलब भत्ता भुक्तानी गरेको पाईयो। विद्यालयको आन्तरिक श्रोतवाट नीजि शिक्षकको पारीश्रमिक भुक्तानी हुने गरी नियुक्त गरी नगरपालिकको नीजि शिक्षक विद्यालय अनुदानलार्इ नियन्त्रण गर्नु पर्दछ । | |
| १७ | | | **मु०अ०करमा दर्ता नभएकोसग खरिद**<br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १९ मा सार्वजनिक निकायले वीस हजार रुपैया भन्दा वढि रकमको खरिद कार्य गर्दा आन्तरिक राजश्व कार्यालयवाट मु०अ०कर दर्ता प्रमाणपत्र प्राप्त गरेका फर्म वा संस्थावाट खरिद गर्नुपर्ने व्यवस्था भएकोमा नगरपालिकाले मु०अ०करमा दर्ता नभएका निम्न सप्लायर्सवाट पटक पटक गरी मसलन्द तथा कार्यालय सामाग्री खरिद भएको पार्इयो । नगरपालिकाले खरिद कार्य गर्दा नियमावलीमा भएको व्यवस्थाको पालना गर्नु पर्दछ । | |

<table>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>क्र०सं०</td><td>विवरण</td><td>रकम रु०</td></tr>
<tr><td>१</td><td>भुवन स्टेशनरी स्टोर्स</td><td>९४१६२५०००</td></tr>
<tr><td>२</td><td>न्यु के०पी०स्टोर्स एण्ड सप्लायर्स</td><td>१७७६३३८०००</td></tr>
<tr><td>३</td><td>न्यु सागर कम्प्युटर एण्ड मोवा्इल ग्यालरी</td><td>२७७६१३०००</td></tr>
<tr><td>४</td><td>टा्इम्स कम्युटर ्इन्स्टिच्युट</td><td>१८०९८४०००</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>१८</td><td></td><td></td><td>बैठक भत्ता<br>नेपालको सविधान २०७२ को धारा २१७ को उपधारा १ मा कानुन वमोजिम आफ्नो अधिकार क्षेत्रभित्रको विवाद निरुपण गर्न नगरपालिका उपप्रमुखको संयोजकत्वमा तीन सदस्यीय एक न्यायिक समिति गठन हुने व्यवस्था वमोजिम यस नगरपालिकामा उक्त समिती गठन भएकोमा भौ०न० ४४०-२०७७।१२।४० वाट सो समितिमा सदस्य नरहेका २२ पदाधिकारी तथा कर्मचारीहरुला्इ कर वाहेक ७३,९५०।- भुक्तानी भएको असुल गर्नु पर्ने रु०</td><td>७३,९५०</td></tr>
<tr><td>१९</td><td></td><td></td><td>रसिद नियन्त्रण खाता<br>नगरपालिकाले आन्तरिक आय तर्फ प्रयोग हुने नगरी रसिद नियन्त्रण खाता व्यवस्थित गरी राखेको पाईएन । गत वर्षको जिम्मेवारी रसिद थान. यो वर्ष छपाइ गरेको रसिद थान, यस वर्षको खर्च र बाँकी रसिद थानको विवरण स्पष्ट देखिने गरी रसिद नियन्त्रण खाता राख्नु पर्दछ । यो वर्ष प्रयोग भएका सबै रसिद फिर्ता गरी आम्दानी एकिन गर्नुपर्दछ । आम्दानी तर्फ गोश्वारा भौचर खडा गरी वैंक दाखिला विवरण समेत अद्यावधिक गरी राख्नु पर्नेमा वैंक दाखिला विवरण तयार गरेको छैन ।</td><td></td></tr>
<tr><td>२०</td><td></td><td></td><td>डोजर भाडा<br>कार्यालयको स्वामित्वमा रहेको डोजर भाडामा प्रयोग गर्न दिए वापत प्रति घण्टा रु.२४००.०० र सोमा व्रेकर प्रयोग गर्नुपरेमा प्रतिघण्टा रु.३४००.०० लिने गरी चित्रे-दय-डाडीमाटी-ढल्ले-ओलिगाउँ-रामारोशन सडक निर्माणका निर्माण व्यवसायी वलवहादुर विष्टसंग २०७७।१०।९ मा भएको सम्झौता अनुसार प्रयोग गर्न उपलव्ध गराएकोमा २०७७।१०।१० देखि २०७८।३।३० सम्मको डोजर अप्रेटरको लगशिट परीक्षण गर्दा सो अवधीमा उक्त डोजर ४३७ घण्टा व्रेकर प्रयोग गरी र ९३३ घण्टा बकेट प्रयोग गरी सञ्चालन भएको देखिन्छ ।निज निर्माण व्यवसायीले उक्त अवधीमा सम्झौता अनुसार भाडा रकम नगरपालिकामा नवुझाएकोले निजसँग उक्त अवधीको व्रेकर प्रयोग गरेको भाडा रु.१४८५८००.०० र बकेट प्रयोग गरेको भाडा रु.२२३९२००.०० समेत रु.३७२५०००.०० असूल गरी नगरपालिका सञ्चित कोष दाखिला हुनुपर्ने रु.</td><td>३,७२५,०००</td></tr>
<tr><td>२१</td><td></td><td></td><td>कर तथा शुल्क असुली</td><td></td></tr>
</table>

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ । ती आय शीर्षकमा आय अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छ ।

| आय शीर्षक | अनुमान | असुली | असुली प्रतिशत |
|---|---|---|---|
| एकीकृत सम्पत्ति कर र घरजग्गा कर | ४०००००० | २५६५९२१ | ६४.१ |
| घरजग्गा वहाल कर | ९२०००० | ८४९४४७ | ९२.३ |
| व्यवसाय कर | ११००००० | ८९७७२४ | ८१.६ |

नगरपालिका भित्र रहेका करदाताहरुको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझ्ने परिपाटी रहेकोले उल्लिखित असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन ।तसर्थ आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायारामा ल्याउनु पर्दछ ।

२२

**भुक्तानीमा कर**

आयकर ऐन, २०५८ को दफा ८८ र ८९ मा भुक्तानीमा अग्रिम कर कट्टा गर्नुपर्ने व्यवस्था छ । नगरपालिकाले कार्यालयको भवन निर्माण वापत निर्माण व्यवसायीसंग भएको सम्झौता अनुसार वोनस रु.१६६७८५६.०० भुक्तानी गर्दा आकस्मिक लाभ वापतको भुक्तानीमा २५ प्रतिशत करकट्टी गर्नुपर्नेमा १.५ प्रतिशत मात्र करकट्टी गरेकोले नपुग कर असुल गर्नुपर्ने रु.

३९१,९४६

२३

**योजना छनौट र कार्यान्वयन**

स्थानीय सरकार सञ्चालन, ऐन २०७४ को दफा २४ वमोजिम स्थानीयतहले योजना वनाउँदा सहभागितामूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त योजना छनौट गरी प्राथमिकीकरण गर्नुपर्ने व्यवस्था छ । नगरसभावाट स्वीकृत वार्षिक योजना २०७७।७८ अध्ययन गर्दा नगरपालिकाले स्वीकृत गरी सञ्चालन गरेको अधिकांश योजना न्यून वजेट भएका आयोजना छनौट गरेको पाइयो । नगरपालिकाले यस वर्ष सन्चालन गरेका योजना देहाय अनुसार छनः

| रु.१ लाख सम्मका | रु.१ लाख देखि २ लाख सम्मका | रु.२ लाख देखि ५ लाख सम्मका | रु.५ लाख देखि १० लाख सम्मका | रु.१० लाख भन्दा वढीका | जम्मा |
|---|---|---|---|---|---|
| ६० | ७१ | ७८ | २० | ४५ | २७४ |

उपरोक्त विवरण अनुसार नगरपालिकाले यो वर्ष रु.१ लाख सम्मका ६० योजना र रु.१ लाख देखि २ लाखसम्मका ७१ योजना छनौट गरी सञ्चालन गरेको छ ।यसरी साना र वितरणमूखी योजनाहरु सन्चालन गर्दा सञ्चालित योजनावाट प्रतिफल भन्दा चालु प्रकृतिका कार्यमा वढी खर्च भै लागत प्रभावित हुने र निर्माण कार्यको

| | | | | |
|---|---|---|---|---|
| | | | गुणस्तरमा समेत असर पर्ने हुनाले नगरपालिकाले योजना छनौट तथा कार्यान्वियन गर्दा दिगो तथा स्थायीत्व हुने योजना छनौट गरी कार्यान्वियन गर्न ध्यान दिनु पर्दछ । | |
| २४ | | | **प्राविधिक मूल्यांकन**<br>आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३० मा कार्यालयले विनियोजन ऐनले फ्रिज नहुने भनी तोकिएका शिर्षकको रकम वाहेक भुक्तानी दिनु पर्ने अन्य रकम आर्थिक वर्ष समाप्त हुनु भन्दा कम्तीमा ७ दिन अगावै भुक्तानी दिई निकासा र खर्चको लेखा अध्यावधिक गरी भुक्तानी निकासा वन्द गर्नुपर्ने व्यवस्था छ । कार्यालयले आर्थिक वर्षको अन्त्यमा वजेट फ्रिज नगराउने उद्धेश्यले देहायका कार्यक्रममा सम्बन्धित व्यक्ति तथा संस्थाको नाममा निकासा दिइ निजहरुको वैंक खाता रोक्का गरेको पाइयो । यस सम्बन्धमा देखिएका व्यहोरा निम्नानुसारछनः | |
| २४.१ | | | राष्ट्रपती शैक्षिक सुधार कार्यक्रम अन्तर्गत नगरपालिका भित्रका ६ विद्यालयलाई २ कोठे भवन निर्माणको लागी प्रति विद्यालयलाई रु.१८०००००.०० का दरले रु.१०८०००००.०० आर्थिक वर्षको अन्त्यमा विद्यालयको खातामा निकाशा दिएको छ । शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयको २०७८।३।२० को पत्र अनुसार चालु आर्थिक वर्ष भित्र कार्यक्रम सम्पन्न गर्न व्यवहारिक कठिनाइ देखिएकोले स्वीकृत कार्यक्रम कार्यान्वयन गर्न सम्बन्धित विद्यालयको खातामा तत्काल निकाशा दिई सोको प्रतिवेदन, लेखापरीक्षण, सामाजिक परिक्षण लगायतका कार्यको लागी सम्बन्धित विद्यालयलाई जिम्मेवार र जवाफदेही वनाउने निर्देशानुसार यस नगरपालिकाले ६ विद्यालयलाई वर्षान्तमा रु.१०८०००००.०० निकाशा दिएको मध्ये रु.२७०००००.०० रोक्का नगरेको र रु.८१०००००.०० विद्यालयको खाता रोक्का गरेको पाइयो । प्रचलित ऐन नियम अनुकुल नहुने गरी शिक्षा मन्त्रालयवाट निर्देशन दिनु र नगरपालिकाले विद्यालय भवन निर्माण कार्य नहुंदै पुरै रकम निकाशा दिनु नियमसम्मत नदेखिएकोले निकासाबाट भएको विद्यालय भवन निर्माणको कार्य सम्पन्न प्रमाण पेश गर्नुपर्ने रु. | १०,८००,००० |

| सि.नं. | विद्यालयको नाम | कूल निकाशा | रोक्का नगरेको रकम | रोक्का गरेको रकम |
|---|---|---|---|---|
| १ | देवल आ.वि भाटबाडा | १८००००० .०० | ५४०००० .०० | १२६०००० .०० |
| २ | यशोधरा आ.वि बाँडावस्ती | १८००००० .०० | ५४०००० .०० | १२६०००० .०० |
| ३ | खम्म आ.वि मिस्तुर | १८००००० .०० | ५४०००० .०० | १२६०००० .०० |
| ४ | मालिका आ.वि रक्तुडाँडा | १८००००० .०० | ५४०००० .०० | १२६०००० .०० |
| ५ | प्रगतिशील आ.वि लेस्टीगाँड | १८००००० .०० | ५४०००० .०० | १२६०००० .०० |
| ६ | राधा मा.वी वोगटी गाउँ | १८००००० .०० | ० | १८००००० .०० |
| | जम्माः | १०८००००० .०० | २७००००० .०० | ८१००००० .०० |

| | | | | |
|---|---|---|---|---|
| २४.२ | | | नेपालको संविधान प्रदत्त नागरिकको मौलिक हक अन्तर्गतको आवासको अधिकार सम्बन्धी ऐन, २०७५ वमोजिम गरिवीको रेखामुनी रहेका, प्रकोपको कारण घरवार विहिन रहेका घर परिवारहरुले सुरक्षित आवास निर्माण आफैंले गर्न चाहेमा जस्तापाता र सहुलियत दरको काठ लगायत सामाग्र खरिदको लागी गरिवीको रेखामुखी रहेका पराल वा खरको छाना भएका घर परिवारलाई जस्तापाताको छाना मुनी ल्याउने कार्यक्रम अन्तर्गत यो वर्ष यस नगरपालिकाका क्षेत्र भित्र पर्ने २०६ जनालाई प्रति परिवार रु.५००००.०० अनुदान रकम २ किस्तामा उपलव्ध गराउने गरी कार्यक्रम स्वीकृत भएकोमा पहिलो किस्ता ६० प्रतिशत उपलव्ध गराउने सो रकम जस्तापाता र काठ लगायतका सामाग्री खरिद गरी निर्माण कार्य अघि वढाउन खर्च गर्नुपर्ने उल्लेख छ । पहिलो किस्ताको रकमवाट सामाग्री खरिद गरी स्थानीयतहको प्राविधिकवाट प्राविधिक प्रतिवेदन सहितको सिफारिसको आधारमा लागग्राहीलाइ दोश्रो तथा अन्तिम किस्ता वापत ४० प्रतिशत अनुदान उपलव्ध गराइने व्यवस्था छ । नगरपालिकाले आर्थिक वर्षको अन्त्यमा सुरक्षित नागरिक आवास कार्यक्रम अन्तर्गत २०६ जना लाभग्राहीसँग सम्झौता गरी प्रति परिवार रु.२५८३९.८० का दरले रु.५३२२९९८.८० अनुदान सम्बन्धित लाभग्राहीको खातामा जम्मा गरी निजहरुको वैंक खाता रोक्का गरेको छ । आर्थिक वर्षको अन्त्यमा बजेट फ्रिज हुन नदिने उद्धेश्यले खर्च लेखी लाभग्राहीको खाता रोक्का गर्नु उपयुक्त देखिंदैन । लाभग्राहीले जस्तापाता तथा काठ खरिद गरी निर्माण कार्य गरेको देखिने प्राविधिक प्रतिवेदन सहितको कार्य सम्पन्न प्रतिवेदन पेश गर्नुपर्ने रु. | ५,३२२,९९८.८ |

| | | | | |
|---|---|---|---|---|
| २५ | | | **म्याद थप**<br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२० मा सार्वजनिक खरिद ऐनको दफ ५६ वमोजिमको अवस्था परी खरिद सम्झौता वमोजिमको कार्य त्यस्तो सम्झौताको अवधी भित्र पूरा गर्न नसक्ने भएमा सम्बन्धित निर्माण व्यवसायीले कारण खुलाइ खरिद सम्झौताको म्याद सकिनु कम्तिमा २१ दिन अगावै सार्वजनिक निकायमा अवधी थपको लागी निवेदन दिनु पर्ने व्यवस्था छ । यसरी निर्माण व्यवसायीले दिएको म्याद थपको निवेदन कार्यालयले जाँचवुझ गर्दा निजको काबु वाहिरको परिस्थितीको कारणवाट काममा ढिलाइ भएको हो होईन एकिन गरी निजको काबु वाहिरको परिस्थितीको कारण म्याद थप गर्नु पर्ने भएमा पूर्व निर्धारित क्षतिपूर्ती नलिने गरी सम्बन्धित पदाधिकारीले म्याद थप गर्न सक्ने व्यवस्था छ । यसरी म्याद थप गर्दा निजको कार्य सम्पादन जमानत र पेश्की जमानतको म्याद नाघ्ने भएमा सोको समेत म्याद थप गर्नु पर्दछ । नगरपालिकाले यो वर्ष लगाएका देहायका ठेक्ककाको म्याद समाप्त भएकोमा निर्माण व्यवसायीले म्याद थपको लागी निवेदन दिएको नदेखिएको, निर्माण कार्य सम्पन्न नभएको र कार्य सम्पादन जमानत समेतको म्याद थप भएको देखिएन । प्रचलित नियमावली अनुसार म्याद थप नगरी निर्माण कार्य अधुरो राख्न मिल्ने देखिंदैन । प्रचलित नियमावली अनुसार निर्माण व्यवसायीलाई कारवाही गरी निर्माण कार्य सम्पन्न गर्नुपर्दछ । | |

| निर्माण कार्यको विवरण | निर्माण व्यवसायीको नाम | सम्झौता रकम | सम्झौता मिति | सम्पन्न गर्नुपर्ने मिति | यो वर्षसम्मको भुक्तानी |
|---|---|---|---|---|---|
| चित्रे-दय-डांडीमाटी- ढल्ले- ओलीगाउँ-रामाशोशन सडक | जयन्ती-जुगल- कौशिक जेभी | ३६३६४२९२ | २०७७।१०।२० | २०७८।३।१५ | ३१०१६६२८ |
| चित्रे-दय-डांडीमाटी- ढल्ले- ओलीगाउँ-रामाशोशन सडक (१४०८८-२९९८८) | जागृती निर्माण सेवा | १२७४९३६० | २०७८।१।६ | २०७८।३।१५ | ६३५५८६७ |
| अन्नपूर्ण मा.वि भवन निर्माण | नन्दामाता निर्माण सेवा | ३८२४५७८ | २०७७।१२।५ | २०७८।३।२५ | ३२१४५५९ |
| गँगा मा.वि भवन निर्माण | नन्दामाता निर्माण सेवा | ३७६२३६४ | २०७७।१२।५ | २०७८।३।२५ | ३३०२४६७ |

| | | | | |
|---|---|---|---|---|
| २६ | | | **बढी भुक्तानी** | २७१,१६४ |

| | | | | |
|---|---|---|---|---|
| | | | आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायीत्व नियमावली २०७७ को नियम ४१ मा खर्चको लागी आवश्यक प्रमाण पुग्नुपर्ने व्यवस्था छ । नगरपालिकाले चित्रे-दया-डांडीमाटी-ढल्ले-ओलीगाउँ-रामाशोशन सडक चेनेज नं. १४+०८८ देखि २९+९९८ सम्मको निर्माण कार्य वापतको प्रथम रनिङ विल जागृती निर्माण सेवालाइ भौ.नं. ८०-२०७८।३।३० वाट भुक्तानी गर्दा सम्झौता वमोजिम विमा रकम प्रोभिजनलसमको रुपमा राखिएकोमा उक्त खर्च विल वमोजिम रु.२८८३६.१५ मात्र निर्माण व्यवसायीलाई भुक्तानी गर्नुपर्नेमा **BOQ** मा उल्लेखित रु.३००००.०० पुरै रकम भुक्तानी दिएकोले विल भरपाइ भन्दा वढी भुक्तानी भएको रकम असुल गर्नुपर्ने रु. | |
| २७ | | | **बढी भुक्तानी**<br>**Standard specification for Raod and Bridge works** २०७५ को पेज नं ९ मा एउटै चेनेजमा **Cutting** रसोही चेनेजमा **Filling** को कार्य गर्नुपरेमा फिलिङ्ग वरावरको परिमाण घटाई भुक्तानी गर्नुपर्ने व्यवस्था छ । नगरपालिकाले चित्रे-दया-डांडीमाटी-ढल्ले-ओलीगाउँ-रामाशोशन सडक निर्माणको निर्माण व्यवसायीलाई चेनेज नं. ० देखि १४ कि.मि सम्म एउटै चेनेजमा**Cutting** तथा **Filling** को रकम निर्माण व्यवसायी जयन्ती जुगल कौशिक जेभीलाई भुक्तानी गरेकोमा एउटै चेनेजको **Cutting** तथा **Filling** को रकम भुक्तानी गर्न मिल्ने नदेखिएकोले **BOQ** को आइटम नं.६ **Back filling for structure** को १००२२ घ.मी को प्रति घ.मी रु.४० का दरले रु.४००९११.०० वढी भुक्तानी भएको रकम मू.अ.कर थप समेत रु.४५३०२९.०० असुल हुनुपर्ने रु. | ४५३,०२९ |
| २८ | | | **सवारी साधन खरिद**<br>सार्वजनिक लेखा समितिको २०६९।४।५ को निर्णयमा निर्माण व्यवसायीको विलअफ क्वान्टीटी समावेश गरी सवारी साधन खरिद गर्न नमिल्ने निर्देशन दिएकोमा उक्त निर्देशन विपरित हुने गरी यस कार्यालयले चित्रे-दय-डांडीमाटी-ढल्ले-ओलीगाउँ-रामाशोसन सडक निर्माणको निर्माण ठेक्कामा २ वटा मोटरसाइकल खरिद गर्न विलअफ क्वान्टीटीमा समावेश गरी प्रथम रनिङ विल भौचर नं.१६ मिति २०७७।१२।२६ वाट भुक्तानी गर्दा २ मोटरसाइकलको रु.१०२१३४५.०० (मू.अ.कर समेत) भुक्तानी गरेको छ ।निर्माण व्यवसायीसंग २०७७।१०।२० मा भएको सम्झौतामा उक्त मोटरसाइकल ६ महिना भित्र कार्यालयमा वुझाउने व्यवस्था भएकोमा उक्त अवधीसम्म कार्यालयमा मोटरसाइकल फिर्ता गरेको छैन । सार्वजनिक लेखा समितीको निर्णय विपरित ठेक्कामा सवारी साधन समावेश गरी खरिद गर्नु र निर्माण व्यवसायीसंग भएको सम्झौता अनुसार उक्त सवारी साधन हालसम्म कार्यालयमा प्राप्त भइ दाखिला नहुनु नियमित नदेखिएको रु. | १,०२१,३४५ |
| २९ | | | **बढी भुक्तानी**<br>जिल्ला प्रशासन कार्यालय, अछामवाट प्रकाशित आर्थिक वर्ष २०७७।७८ को जिल्ला दररेटमा **Hydraulic excavator** को प्रति घण्टा रु.३५७०.०० निर्धारण गरिएको छ । उक्त दरमा **Ownership charges, operation charges (fuel) component, crew component, maintennance component** समावेश हुने उल्लेख छ । सो अनुरुप गरिएको दर विश्लेषणमा कार्यालयले **Unskilled labour, Helper, operator, lubricant, fuel cost** समावेश नगरी दर विश्लेषण गर्नुपर्नेमा उल्लेखित आइटम समेत समावेश गरी दर विश्लेषण गरी सोही वमोजिम प्रति घ.मी को दर निर्धारण गरेको कारणले विभिन्न उपभोक्ता समितिलाइ देहाय वमोजिम वढी भुक्तानी भएको छ । वढी मूल्यांकन भएको रु.७४०७३२०.०० मा उपभोक्ता समितिको योगदान २० प्रतिशत घटाइ कायम हुन आउने रु.५९२५८५६.०० रकम असुल गर्नुपर्ने रु. | ५,९२५,८५६ |

| योजनाको नाम | कटिङ्गको विवरण | परिमाण | लिएको दररेट | लिनुपर्ने स्थानीय दररेट | वढी मूल्यांकन |
|---|---|---|---|---|---|
| यशोदा मा.वि देखि खन्टाल्ला सडक | **Soft soil cutting** | २७४५.६९ घ.मी | ९७.२५ | ४५.४६ | १४२१९९ |
| | **Hard soil cutting** | ६४०७.६० घ.मी | १२५.८९ | ६७.०७ | ३७६८९५ |
| | **Soft rock cutting** | ११७.२२ घ.मी | ३९८.०२ | १३०.५० | ३१३५६ |
| वडा नं.४ वल्लेपाटा सडक मर्मत | **Soft soil cutting** | ३५८१.२३ घ.मी | ९७.२५ | ४५.४६ | १८५४७२ |
| | **Hard soil cutting** | ५७८.७ घ.मी | १२५.८९ | ६७.०७ | ३४०३९ |
| | **Soft rock cutting** | १६५.४२ घ.मी | ३९८.०२ | १३०.५० | ४४२५३ |
| दय लम्तडा ग्रामिण | **Soft soil cutting** | ४२५२.३५ घ.मी | ९७.३५ | ४५.४६ | २२०६५५ |
| | **Hard soil cutting** | ४११०.६० घ.मी | १२५.८९ | ६७.०७ | २४१७८५ |
| | **Soft rock cutting** | ३७७.५० घ.मी | ३९८.०२ | १३०.५० | १००९८९ |
| | **Medium rock cutting** | १६७.२५ घ.मी | ६५५.५२ | १३०.५० | ८७८१० |
| सूदुरपश्चिम क्रिकेट मैदान निर्माण वडा नं.४ | **Soft soil cutting** | १२५५५ घ.मी | ९७.३५ | ४५.४६ | ६५१४७९ |
| सुवाखँद खेतगैरा ढकारी ग्रामिण सडक | **Soft soil cutting** | २२३३.५४ घ.मी | ९७.३५ | ४५.४६ | ११५८९८ |
| | **Hard soil cutting** | ४९७६ घ.मी | १२५.८९ | ६७.०४ | २९२८३८ |
| | **Soft rock cutting** | २२५.३५ घ.मी | ३९८.०२ | १३०.५९ | ६०२६५ |
| | **Medium rock cutting** | ८८.५६ घ.मी | ६५५.५२ | १३०.५० | ४६४९६ |


https://nams.oag.gov.np

| योजनाको नाम | कटिङ्गको विवरण | परिमाण | लिएको दररेट | लिनुपर्ने स्थानीय दररेट | वढी मूल्यांकन |
|---|---|---|---|---|---|
| | **Hard rock cutting** | ३७.४७ घ.मी | १७८७.६२ | २२५.४६ | ५८५३४ |
| गाईसुरी गडा छायातडा ग्रामिण सडक | **Soft soil cutting** | ४३४१.९१ घ.मी | ९७.३५ | ४५.४६ | २२५३०२ |
| | **Hard soil cutting** | ३४७८.९३ घ.मी | १२५.८९ | ६७.०४ | २०४७३५ |
| | **Soft rock cutting** | १३१.६१ घ.मी | ३९८.०२ | १३०.५९ | ३५१९६ |
| | **Medium rock cutting** | २५.६७ घ.मी | ६५५.५२ | १३०.५९ | १३४७५ |
| चिलिङ्गे डाँडीगडे ग्रामिण सडक | **Soft soil cutting** | ४५१७ घ.मी | ९७.३५ | ४५.४६ | २३४३८७ |
| | **Hard soil cutting** | १४३९६ घ.मी | १२५.८९ | ६७.०४ | ८४७२०४ |
| | **Soft rock cutting** | १३४५ घ.मी | ३९८.०२ | १३०.५९ | ३५९६९३ |
| | **Medium rock cutting** | ४०१ घ.मी | ६५५.५२ | १३०.५९ | २१०४९७ |
| | **Hard rock cutting** | १८१ घ.मी | १७८७.६२ | २२५.४६ | २८२७५१ |
| मंगलसेन-कुन्ती-वस्ती- लोडेघाट सडक | **Soft soil cutting** | ८९२ घ.मी | ९७.३५ | ४५.४६ | ४६२८६ |
| | **Hard soil cutting** | ४०४ घ.मी | १२५.८९ | ६७.०४ | २३७९५ |
| | **Soft rock cutting** | २७२ घ.मी | ३९८.०२ | १३०.५९ | ७२७४१ |
| मंगलसेन-चित्रे-पायल- चौरपाटी-सिउंडी सडक | **Soft soil cutting** | २९८२.१५ घ.मी | ९७.३५ | ४५.४६ | १५४७४४ |
| | **Hard soil cutting** | १६०३ घ.मी | १२५.८९ | ६७.०४ | ९४३३७ |

| योजनाको नाम | कटिङ्गको विवरण | परिमाण | लिएको दररेट | लिनुपर्ने स्थानीय दररेट | वढी मूल्यांकन |
|---|---|---|---|---|---|
| | **Soft rock cutting** | ९५.५५ घ.मी | ३९८.०२ | १३०.५९ | २५५५३ |
| आयरवण्ड देखि कैलाश क्याम्पससम्म सडक निर्माण | **Soft soil cutting** | ६०९९.२५ घ.मी | ९७.३५ | ४५.४६ | ३१६६१२ |
| चित्रे-तिखडा मंगलसेन सडक | **Soft soil cutting** | ४८५४.९० घ.मी | ९७.३५ | ४५.४६ | २५१९२१ |
| | **Hard soil cutting** | १९२८.६५घ.मी | १२५.८९ | ६७.०४ | ११३५०१ |
| | **Soft rock cutting** | ३६१.५९ घ.मी | ३९८.०२ | १३०.५९ | ९६७०० |
| | **Medium rock cutting** | १७१.२३ घ.मी | ६५५.५२ | १३०.५९ | ८९८८४ |
| | **Hard rock cutting** | ३६.६४ घ.मी | १७८७.६२ | २२५.४६ | ५७२३८ |
| ठुलासेन कालखोला कम्पासे खोला सडक | **Soft soil cutting** | ८३६६ घ.मी | ९७.३५ | ४५.४६ | ४३४११२ |
| | **Hard soil cutting** | ७५३२घ.मी | १२५.८९ | ६७.०४ | ४४३२५८ |
| | **Soft rock cutting** | ३०८.२५ घ.मी | ३९८.०२ | १३०.५९ | ८२४३५ |
| जम्माः | | | | | ७४०७३२० |
| उपभोक्ता समितिको योगदान २० प्रतिशत | | | | | १४८१४६४ |
| खुद वढी भुक्तानीः | | | | | ५९२५८५६ |

३०

**हेभी इक्विपमेण्टको प्रयोगः**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को नियम उपनियम (९) मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट सञ्चालित हुने निर्माण कार्यमा डोजर, एक्साभेटर, लोडर, रोलर, ग्रेडर जस्ता हेभी मेशिनरी प्रयोग गर्न नमिल्ने व्यवस्था छ । सो नियमावलीको प्रतिबन्धात्मक वाक्यांशमा लागत अनुमान तयार गर्दाको समयमा

हेभी मेशिन प्रयोग गर्नुपर्ने जटिल प्रकृतिको कार्य भनी उल्लेख भएको रहेछ भने सम्बन्धित प्राविधिकको सिफारिशमा सार्वजनिक निकायबाट सहमति लिई त्यस्ता मेशिन प्रयोग गर्न सकिने उल्लेख छ । नगरपालिका अन्तर्गत सञ्चालित अधिकांश सडक निर्माण तथा स्तरोन्नतिसँग सम्बन्धित योजनाका उपभोक्ता समितिहरुले डोजर, एक्साभेटर लगायतका हेभी मेशिन प्रयोग गर्ने गरेको पाइए तापनि नियमावलीको व्यवस्था बमोजिम सम्बन्धित प्राविधिकको सिफारिश गराई नगर कार्यपालिकाको कार्यालयबाट सहमति लिएको पाइएन । यसवाट निर्माण कार्य उपभोक्ता समितिले जिम्मा लिई उक्त कार्य निर्माण व्यवसायी मार्फत गराउने गरेको स्रेस्तासाथ संलग्न विलवाट देखिन्छ । यस्ता कार्यमा नियन्त्रण हुनुपर्दछ । यसका केही उदाहरणहरु यसप्रकार रहेका छन:

| गोभौनं./मिति | उपभोक्ता समितिको नाम | कामको विवरण | भुक्तानी रकम | प्रयोग गरेको हेभी उपकरण | हेभी उपकरणमा भएको खर्च |
|---|---|---|---|---|---|
| २१-०७८।१।२० | यशोधा मा.वि देखि खन्टाल्ना ग्रामिण | सडक निर्माण | ८९७०६२ | नन्दामाता निर्माण सेवाको एक्साभेटर प्रयोगको विल संलग्न | ६४४१०० |
| १-२०७७।११।१९ | दय लम्तडा ग्रामिण | सडक निर्माण | ९५६१७७ | नन्दामाता निर्माण सेवाको एक्साभेटर प्रयोगको विल संलग्न | ४८४७७० |
| ५-२०७८।१।१३ | सूदुरपश्चिम क्रिकेट मैदान निर्माण | क्रिकेट मैदान निर्माण | ९६०००० | हरिगंगा निर्माण सेवाको एक्साभेटर प्रयोगको विल संलग्न | ९६०००० |
| ९-२०७८।२।१६ | सुवाखाँद खेतगैरा ढकारी ग्रामिण सडक | सडक निर्माण | ९९७२४६ | जिबी निर्माण सेवाको एक्साभेटर प्रयोगको विल संलग्न | ७२०००० |
| २३-२०७८।३।२५ | गाइसुरीगढा छायातडा ग्रामिण सडक निर्माण | सडक निर्माण | ७४५७२४ | जिबी निर्माण सेवाको एक्साभेटर प्रयोगको विल संलग्न | ६००००० |
| २४-२०७८।३।२५ | चिलिङ्गे डाँडीगडे ग्रामिण सडक निर्माण | सडक निर्माण | १३८८३४८ | जिबी निर्माण सेवाको एक्साभेटर प्रयोगको विल संलग्न | ११००००० |
| १५-२०७७।११।२३ | मंगलसेन-कुन्ती- वस्ती-लोडेघाट सडक निर्माण | सडक निर्माण | १६००००० | जिबी निर्माण सेवाको एक्साभेटर प्रयोगको विल संलग्न | ४५२००० |
| १६-२०७७।११।२३ | मंगलसेन-चित्रे- पायल-चौरपाटी-सिउडी सडक | सडक निर्माण | १६००००० | जिबी निर्माण सेवाको एक्साभेटर प्रयोगको विल संलग्न | ४०२००० |
| ३-२०७७।९।१६ | आरयवण्ड देखि कैलाश क्याम्पस सम्म सडक | सडक निर्माण | १६०८२४९ | न.पा को डोजर प्रयोग | ४८०००० |
| | | | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| ४-२०७७।१०।३ | चित्रे-तिखडा मंगलसेन सडक | सडक निर्माण | १४३७८४४ | नन्दामाता निर्माण सेवाको एक्साभेटर प्रयोगको विल संलग्न | ४५६७६२ |
| ८-२०७७।१२।९ | ठुलासेन कालाखोला कम्पासेखोल सडक | सडक निर्माण | २०१४२८२ | न.पा को डोजर प्रयोग | ५५६८०० |

नियमाबलीको ब्यबस्था अनुरुप कार्य गराउनुपर्दछ ।

३१

**जटिल संरचना निर्माणः**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार उपभोक्ता समितिहरुलाई मेशिन, औजार उपकरणहरुको आवश्यक नपर्ने, श्रममूलक कार्यको जिम्मेवारी दिनुपर्ने व्यवस्था रहेको छ । नगरपालिकाले आर.सि.सी. फ्रेम स्ट्रक्चर सहितका भवन, पुल, कल्भर्ट, ओभरहेड टंकी, निर्माण, ग्रामीण विद्युतीकरण लगायतका जटिल प्राविधिक पक्ष समावेश हुने पूर्वाधार संरचना निर्माण कार्य समेत उपभोक्ता समितिहरु मार्फत गराउने गरेको देखियो । यस्ता कार्य व्यावसायिक र अनुभवी निर्माण व्यवसायी फर्मबाट बोलपत्र प्रतिस्पर्धा मार्फत गराउन उपयुक्त हुने देखिन्छ । यसका केही उदाहरणहरु यस प्रकार रहेका छन् :

| गोभौनं./मिति | उपभोक्ता समितिको नाम | कामको विवरण | भुक्तानी रकम |
|---|---|---|---|
| ९२-२०७८।३।१८ | भवन निर्माण उ.स | अछाम वहुमुखी क्याम्पस छात्रावास भवन निर्माण | १९१४८१४.०० |
| ८-२०७८।२।७ | विद्युत लाइन विस्तार | वडा नं ३ मा विद्युत लाइन विस्तार गर्ने कार्य | ९५८९९०.०० |

नियमाबलीको ब्यबस्था अनुरुप कार्य गराउनुपर्दछ ।

३२

**योजना हस्तान्तरणः**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(१३) मा उपभोक्ता वा लाभग्राही समूदाय मार्फत निर्माण सम्पन्न योजना निर्माण सम्पन्न भए पश्चात आयोजनाको स्वामित्व सोही समितीलाई हस्तान्तरण गर्नुपर्ने व्यवस्था रहेकोमा नगरपालिकाले सो वमोजिम योजना हस्तान्तरण गरेको पाइएन । योजना हस्तान्तरण नहुंदा सोको रखदेख, मर्मतको जिम्मेवारी समेत नगरपालिकामा रही थप व्ययभार थपिन जाने देखिन्छ ।

३३

**निर्माण कार्यको गुणस्तरः**

सार्वजनिक खरिद नियमावलीको नियम १११(१ङ) अनुसार सार्वजनिक निकायले खरिद सम्झौता कार्यान्वयन गर्दा गुणस्तर पक्षको निरीक्षण र परीक्षण गर्नुपर्दछ । कार्यालयले उपभोक्ता समिति मार्फत निर्माण/कार्यान्वयन गराइएका योजनाको दिगोपनाका लागी सम्बन्धित उपभोक्ता समिति मार्फत गुणस्तर परीक्षणको आवश्यक

| | | | | |
|---|---|---|---|---|
| | | | व्यवस्था गर्नुपर्दछ । कार्यालयले निर्माण कार्यको गुणस्तर सुनिश्चितता गर्न विभिन्न निर्माण सामाग्रीको प्रयोगशाला परीक्षण गर्ने गराउने, ढुंङ्गा र सिमेन्टको गाहो लगाउने तथा ढलानको कार्यको गुणस्तरका लागि प्रयोग हुने ग्यावियन तार, सिमेन्ट मोर्टार तथा कंक्रिट क्यूब टेष्ट जस्ता कार्य गराएको पाइएन। यसले गर्दा निर्माण कार्यमा आवश्यक गुणस्तर कायम भएको सम्बन्धमा आश्वस्त हुन सक्ने अवस्था छैन । अतः नियमावली तथा सम्झौतामा उल्लेख भए अनुसार निर्माण कार्यको गुणस्तर सुनिश्चित गर्न गुणस्तर परिक्षणलाई अनिवार्य गर्नुपर्दछ । | |
| ३४ | | | **सार्वजनिक लेखापरीक्षणः**<br>सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७घ(३) मा उपभोक्ता समिति मार्फत गरेको कार्यको निर्माण सम्झौतामा सम्पन्न निर्माण कार्यको सन्चालन र मर्मत सम्भार उपभोक्ता समितिले गर्नुपर्ने व्यहोरा अधिकांश सम्झौतामा समावेश गरेको देखिएन । साथै नियम ९७ मा उपभोक्ता समितिले प्रत्येक किस्तामा गरेको काम तथा खर्चको सूचना सार्वजनिक स्थानमा सूचना टाँस गर्नुपर्ने र काम कारवाहीको सम्बन्धमा सार्वजनिक लेखापरीक्षण गर्नुपर्ने व्यवस्था रहेकोमा उक्त व्यवस्था अनुसार अधिकांश योजनाहरुमा सार्वजनिक लेखापरीक्षण गरेको देखिएन । उपभोक्ता समितिले गरेको कार्यको पारदर्शिता वृद्धि गर्नुपर्ने प्रावधानको पूर्णतः पालना गर्नुपर्ने देखिएको छ । | |
| ३५ | | | **शिक्षक विद्यार्थी अनुपातः**<br>स्थानीय तह अन्तर्गत रहेका सामुदायिक विद्यालयहरुमा दरबन्दी अनुसार शिक्षकको पदपूर्ति भई नियमित पठनपाठनको व्यवस्था हुनुपर्दछ ।विद्यालय समायोजन कार्यान्वयन निर्देशिका २०७० ले न्यून विद्यार्थी भएका विद्यालयलाई जिल्ला शिक्षा समन्वय अधिकारीको शिफारिसमा जिल्ला शिक्षा समितिले वन्द गरी अर्को पायक पर्ने विद्यालयमा नियमानुसार समायोजन गर्न सक्ने उल्लेख छ।निर्देशिकाको वुंदा नं. १४.१ मा विद्यालय समायोजन सम्बन्धी कार्यक्रम कार्यान्वयनका लागी विद्यालयको तथ्यांक संकलन गरी सम्भाव्यता अध्ययन गर्नुपर्ने व्यवस्था छ ।यस नगरपालिका अन्तर्गत रहेका ४९ सामुदायिक विद्यालयमध्ये प्राप्त विवरण अनुसार देहायका विद्यालयको शिक्षक विद्यार्थी अनुपात निम्नानुसार रहेको देखिन्छ । | |

| सि.नं. | विद्यालयको नाम | शिक्षक दरबन्दी | पदपूर्ति | विद्यार्थी संख्या | शिक्षक विद्यार्थी अनुपात |
|---|---|---|---|---|---|
| १ | कालिकादेवी प्रा.वि. मंगलसेन | ४ | ४ | ५० | १:१२.५ |
| २ | सूर्योदय आ.वि. रले | २ | २ | ३० | १:१५ |
| ३ | बालविकास प्रा.वि. | २ | २ | १३ | १:६.५ |
| ४ | मनकामना प्रा.वि. | ० | ० | ३९ | ०:३९ |
| ५ | कालिका प्रा.वि. सुतुडा | ४ | ४ | ६० | १:१५ |
| ६ | जाल्पादेवी प्रा.वि. वलीगाउ | ३ | ३ | ४० | १:१३.३ |
| ७ | मंगला आ.वि वलीगाउ | २ | २ | ३३ | १:१६.५ |
| ८ | काली सामूदायिक प्रा.वि. वलीगाउँ | २ | २ | ३२ | १:१६ |
| ९ | सुनगाभा प्रा.वि. | २ | २ | ३९ | ०:३९ |
| १० | शिशुसुधार प्रा.वि. | २ | २ | ३७ | १:१८.५ |
| ११ | बाटबाटिका प्रा. वि. | २ | २ | ३३ | १:१६.५ |

यस नगरपालिकामा रहेका विद्यालयमध्ये उल्लिखित विद्यालयमा शिक्षक विद्यार्थी अनुपात ०:३९ देखि १:१८.५ सम्म रहेको प्राप्त विवरणवाट देखिन्छ । सो अनुसार कतिपय विद्यालयमा शिक्षक दरवन्दी नै नरहेको अवस्थामा विद्यार्थी रहेको र कतिपयमा न्यून विद्यार्थी संख्या रहेका कारण प्रति विद्यार्थी लागत वढ्न गएको अवस्था देखिन्छ।अतः भोगोलिक दुरी टाढा भएमा वालविकाश केन्द्र स्थापना गरी न्यून विद्यार्थी संख्या भएको विद्यालय समायोजन एवं शिक्षक दरवन्दी मिलान गरी पठनपाठन व्यवस्थित गर्न सम्बन्धित निकायले ध्यान दिनुपर्दछ ।

३६ **बढी ग्रेड रकम निकासाः** ३६,९०१

पारित तलबी प्रतिवेदन अनुसार तलब भत्ता निकासा गर्नुपर्दछ। नगरपालिकाले निम्नानुसारका विद्यालयमा कार्यरत शिक्षकको तलब भत्ता बापतको रकम निकासा दिदा पारित ग्रेड रकम भन्दा बढी ग्रेड रकम निकासा दिएको देखियो ।अतः पारित ग्रेड भन्दा बढी ग्रेड रकम निकासा दिएको देखिएकोले असुल गर्नुपर्ने रकम रु.

| सि.नं. | विवरण | तलबी प्रतिवेदन अनुसार निकासा हुनुपर्ने ग्रेड रकम (क.सं. कोष थप समेत) | निकासा भएको ग्रेड रकम | फरक रकम | कैफियत |
|---|---|---|---|---|---|
| १ | प्रा.वि. शिक्षक श्री काशीराम उपाध्याय जाल्पादेवी आधारभूत विद्यालय ढुंगानी | ४०४४७.२० | ४७१८८.४० | ६७४१.२० | प्रथम र दोस्रो त्रैमासिकमा बढी निकासा |
| २ | प्रा.वि. शिक्षक श्री बल बहादुर थ्यातः जाल्पादेवी माध्यमिक विद्यालय मुंग्राचौर | ६१४७६.०० | ७१७२२.०० | १०२४६.०० | प्रथम, दोस्रो र तेस्रो त्रैमासिकमा बढी निकासा |
| ३ | प्रा.वि. शिक्षक श्री शान्ती रावलः कालिका माध्यमिक विद्यालय जुपु | ५१२३०.०० | ६१४७६.०० | १०२४६.०० | प्रथम, दोस्रो र तेस्रो त्रैमासिकमा बढी निकासा |
| ४ | प्रा.वि. शिक्षक श्री सर्पानन्द रेग्मी नवप्रभात आधारभूत विद्यालय कालागाउ | ५८००९.८० | ६७६७८.१० | ९६६८.३० | प्रथम, दोस्रो र तेस्रो त्रैमासिकमा बढी निकासा |
| | | | जम्मा | ३६९०१.५० | |

| | | | | |
|---|---|---|---|---|
| ३७ | | | **बढी निकासाः**<br>नगरपालिकाले सञ्चालन तथा व्यवस्थापन अनुदान बापत सरस्वती आधारभूत विद्यालय, खिमाडालाई वार्षिक रु.२००००।- मसलन्द खर्च निकासा दिनुपर्नेमा प्रथम, दोस्रो र तेस्रो त्रैमासिक निकासा दिदा क्रमशः रु. ६०००।-, १००००।- र १००००।- गरी रु.२६०००।-निकासा दिएको देखिएकोले बढी निकासा भएको रु.६०००।- र गणेश प्रा.वि., जाल्पादेवी प्रा.वि. ढुंगानी र मंगला प्रा.वि.लाई विद्यालय सहयोगीको पारिश्रमिकत्रैमासिक निकासा प्रति विद्यालय रु. १२०००।-का दरले निकासा हुनुपर्नेमा दोस्रो, तेस्रो र चौथो त्रैमासिकमा रु.१३५००।- का दरले निकासा भएकोले बढी निकासा भएको रकम रु.१३५००।- समेत असुल गर्नुपर्ने रु. | १९,५०० |

| | | | | |
|---|---|---|---|---|
| ३८ | | | **स्थानीय भत्ताः**<br>अर्थ मन्त्रालयको च.नं. ६८ मिति २०७१।५।२ को परिपत्र अनुसार भत्ता पाउने स्थानमा पदाधिकार रहेको आधारमा मात्र स्थानीय भत्ता दिन नमिल्ने एवं एक वर्षमा पटक पटक वा एक पटक गरी ३० दिनभन्दा बढी विदामा बसेमा स्थानीय भत्ता नपाउने व्यवस्था छ ।नगरपालिकाले गो.भौ. नं. ९-२०७७।६।३० बाट शिशु सुधार मा.वि.का शिक्षक सूर्यनाथ यादवको आ.व.२०७६।७७ को दोस्रो चौमासिक अन्तर्गत विद्यालयमा अनुपस्थित रहेका कारण रोक्का राखेको १ महिना बराबरको तलब भत्ता रकम निकासा दिदा स्थानीय भत्ता समेत भुक्तानी भएको देखियो।विद्यालयबाट तलब निकासा माग गर्दा विद्यालयबाट कारवाहि गरी निजको अन्य विदा बाँकी नरहेकोले उक्त अवधिको विरामी विदा लिएको उल्लेख भई आएको देखियो ।सो अनुसार स्थानीय भत्ता बापतको रकम निकासा दिन मिल्ने आधार नदेखिएकोले असुल गर्नुपर्ने रु. | ५,५१० |
| ३९ | | | **सेनेटरी प्याडः**<br>सामूदायिक विद्यालयमा अध्ययनरत छात्राहरुलाई निशुल्क सेनेटरी प्याड व्यवस्थापन कार्यक्रम अन्तर्गत कार्यविधिमा उल्लिखित प्रक्रिया अनुसार वार्षिक १० महिना अवधिका लागि निशुल्क सेनेटरी प्याडको व्यवस्था मिलाउनुपर्ने उल्लेख छ । सोको मूख्य जिम्मेवारी सम्बन्धित स्थानीय निकाय र विद्यालय हुने कार्यक्रम कार्यान्वियन पुस्तिकामा व्यवस्था छ ।यस पालिकाले उक्त कार्यक्रममा विनियोजित वजेट रु.२२०८०००।-मध्ये बोलपत्रको माध्यमबाट २०७८।३।३ मा ३८८४७ प्याकेट सेनेटरी प्याड खरिद गरी रु.१०४८८६९।- र २०७८।३।२५ मा १४७२० प्याकेट सेनेटरी प्याड सोझै खरिद गरी रु.९९८०१६।-भुक्तानी गरेको देखियो।खरिद गरिएका सेनेटरी प्याडमध्ये करिब ६१२० प्याकेट सेनेटरी प्याड लेखापरीक्षणको अवधिसम्म पालिकाको शिक्षा शाखामा मौज्दात रहेको देखियो ।गत वर्षको वर्षान्तमा सेनेटरी प्याडका लागि नगद अनुदान निकासा भएकोमा कोभिड १९ महामारीको जोखिमपूर्ण अवस्थामा सो अनुदान उद्देश्य अनुरुप खर्च भए नभएको यथार्थ विष्लेषण एवं अनुगमन नगरी यस वर्ष पनि खर्च लेखेको देखियो । वास्तविक मागका आधारमा समयमै खरिद एवं हस्तान्तरण नगरी मौज्दात रहने गरी वर्षान्तमा खरिद गर्ने, वर्षान्तमा मौज्दातमा रहेको परिमाण अर्को आर्थिक वर्षमा आम्दानी समेत नसार्ने एवं हस्तान्तरण भएको सामानको आवश्यकता र उपयोगको सम्बन्धमा अनुगमन मूल्याङ्कन नगर्ने परिपाटिले कार्यक्रमको लक्ष्यित उद्देश्य पुरा नहुने हुँदा पालिकाले यसतर्फ सुधार गर्नुपर्दछ । | |
| ४० | | | **सामाजिक एवं आर्थिक लेखापरीक्षणः**<br>नगरपालिका अन्तर्गतका ४९ विद्यालयलाई सामाजिक एवं अर्थिक लेखापरीक्षण अनुदान बापत गो.भौ.नं.१५१।२०७८।२।१० बाट तोकिएअनुसार रु.५४००००।- अनुदान निकासा भएकोमा उक्त विद्यालयहरुले समामाजिक एवं आर्थिक लेखापरीक्षण प्रतिवेदन पेश गरेको देखिएन। अतः तोकिएअनुसार लेखापरीक्षण गराइ लेखापरीक्षण प्रतिवेदन पेश गर्नुपर्ने रु. | ५४०,००० |
| ४१ | | | **प्रस्तावना अनुसार कार्य नभएकोः**<br>वार्षिक एकमूष्ठ अनुदानबाट विद्यालय सञ्चालन गर्ने कार्यविधि २०७६ अनुसार प्रधानअध्यापकले कार्य सम्पादन सम्झौता अनुसार खर्चको प्रस्ताव गरी विद्यालय व्यवस्थापन समितिबाट स्वीकृत गराई सो अनुसार खर्च गरी चौमासिक प्रतिवेदन पेश गर्नुपर्ने व्यवस्था छ ।सो अनुसार विद्यालयमा शैक्षिक गुणस्तर सुदृढीकरण एवं | ११०,४७५ |

| | | | | |
|---|---|---|---|---|
| | | | कार्यसम्पादनमा आधारित अनुदानबापत गो.भौ.नं.९८-२०७७।११।२३ बाट मनकामना प्रा.वि. ठूलासैनलाई रु.१००००००।- अनुदान निकासा गरेकोमा २०७८।३।३० मा पेश प्रगति प्रतिवेदनमा सम्झौता गर्दा प्रस्तावना भए अनुसारका शैक्षिक सुधारका सामग्री, फर्निचर एवं ल्यापटप कम्प्यूटर खरिद लगायतका कार्य नगरी रु.११०४७५।- अनुदान रकम विद्यालयको खातामा बाँकी रहेको देखियो । वर्षान्तसम्म सम्झौता एवं प्रस्तावना अनुसार कार्य नगरेका कारण खर्च नभई बाँकी रहेको अनुदान रकम संघीय सञ्चित कोषमा फिर्ता दाखिला गर्नुपर्ने रु. | |
| ४२ | | | **दिवा खाजा अनुदानः**<br>सामूदायिक विद्यालयमा प्रारम्भिक बाल विकास कक्षा देखि कक्षा ५ सम्म अध्ययनरत विद्यार्थीलाई पोषणस्तरको मापदण्ड अनुरुप दिवा खाजा उपलब्ध गराउने उद्देश्य अनुसार प्रति विद्यार्थि दैनिक रु.१५ का दरले विद्यालयलाई अनुदान निकासा दिने र दिवा खाजाको मापदण्ड र गुणस्तर अनूसूची ४ मा उल्लेख भएबमोजिम हुनेगरी कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ ।सोही अनुसार पालिकाले चैत्र र बैशाख १५ सम्मको दिवा खाजा बापत विद्यार्थीको स्वीकृत हाजिरी विवरणका आधारमा ३४ विद्यालय एवं १७ बालविकास केन्द्रलाई रु.२५५५३५५।– अनुदान निकासा गरेको देखियो ।दिवाखाजा घरबाटै ल्याउने गरी सो प्रति विद्यार्थी लागत अनुदान रकम विद्यालयले सम्बन्धित विद्यार्थीको अभिभावकलाई बुझाएको उल्लेख गरेकोमा दिवा खाजाको नियमितता र गुणस्तरको अनुगमनको व्यवस्था भए नभएको सम्बन्धमा पालिकाले अनुगमन गरेको नदेखिएकोले दिवा खाजा कार्यक्रमको लक्ष्यित उद्देश्य एवं प्रभावकारिता सम्बन्धमा आश्वस्त हुन सकिएन । | |
| ४३ | | | **प्रतिवेदन पेश नगरेकोः**<br>शैक्षिक पहुँचमा सुनिश्चितता, अनौपचारिक तथा वैकल्पिक शिक्षा कार्यक्रम अन्तर्गत सामूदायिक सिकाई केन्द्र सञ्चालन अनुदान बापत गो.भौ.नं.१७६-२०७८।२।२६ बाट निम्न सामूदायिक सिकाई केन्द्रलाई घरधुरी सर्वेक्षण कार्य गर्ने प्रस्तावना अनुसार अनुदान रकम निकासा भएको देखियो । उक्त केन्द्रहरुले निकासा भएको अनुदानको उपयोग र उपलब्धी खुल्ने प्रगति प्रतिवेदन एवं लेखापरीक्षण प्रतिवेदन पेश गरेको देखिएन ।अतः अनुदान उपयोगको प्रतिवेदन पेश गर्नुपर्ने देखिएको रु. | ८००,००० |

| सि.नं. | विवरण | रकम |
|---|---|---|
| १ | ठूलासैन सामूदायिक सिकाई केन्द्र | १७५०००.०० |
| २ | मालिका सामूदायिक सिकाई केन्द्र | १७५०००.०० |
| ३ | सगरमाथा सामूदायिक सिकाई केन्द्र | १७५०००.०० |
| ४ | मंगलसेन सामूदायिक सिकाई केन्द्र | १७५०००.०० |
| ५ | मोतिराम सामूदायिक सिकाई केन्द्र | १०००००.०० |
| जम्मा | | ८०००००.०० |

| | | | | |
|---|---|---|---|---|
| ४४ | | | **प्रधानमन्त्री रोजगार कार्यक्रमः**<br>स्थानीय तहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारी प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतह भित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । यस कार्यक्रम अन्तर्गत यस नगरपालिका अन्तर्गत १२ वडामा १८ योजना सञ्चालन गरी यस वर्ष २५९ जनालाई औसत ९७ दिन रोजगारी उपलव्ध गराई रु.१२८९९६६७.०० श्रमिक ज्याला खर्च गरेको छ । उक्त खर्चवाट लक्ष्यित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सिर्जना भएको देखिंदैन । | |
| ४५ | | | **औषधी खरिदः**<br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ को उपनियम १(क) मा बिस लाख रुपैयाँसम्मको औषधिजन्य मालसामान उत्पादकले राष्ट्रिय स्तरको समाचार पत्रमा सूचना प्रकाशन गरी तोकेको बिक्री मूल्यमा सोझै खरिद गर्न सकिनेव्यवस्था छ ।यस नगरपालिकाले रु.१९८४८१७.६२ को औषधी शिलवन्दी दरभाउपत्रमार्फत र रु.४९९९५७.२६ को औषधी सोझै खरिद गरेको छ । यस सम्बन्धी देखिएको व्यहोराहरु निम्नानुसार छनः<br>**1)** खरिद गरेका उक्त औषधि कुन औषधि कम्पनीबाट उत्पादन भएको हो र सोको मूल्य राष्ट्रिय पत्रपत्रिकामा प्रकाशन भएको नदेखिएको,<br>**2)** आपूर्ति हुने औषधि डव्लु.एच.ओ. सटिफइड हुनुपर्ने औषधिको उत्पादन मिति, ब्याच नं र म्याद समाप्त मिति उल्लेख गरी सम्बन्धित विषय विज्ञबाट मुचुल्का उठाई राख्ने नगरेको<br>**3)** नेपाल सरकारद्वारा निशुल्क रुपमा वितरण गर्नुपर्ने भनी तोकिएका औषधीहरुमा लोगो सहित निशुल्क वितरण गर्नुपर्ने भनी उल्लेख गर्नुपर्ने व्यवस्था छ । नगरपालिकाको मौज्दातमा रहेका निशुल्क रुपमा वितरण हुने ५ औषधिहरुको नमुना परिक्षण गर्दा **Ibuprofen 400mg** र **Metronidazole tab 250mg** औषधिको | |

| | | | | |
|---|---|---|---|---|
| | | | कभरिङ्गमा तोकिएबमोजिम नेपाल सरकारबाट निशुल्क वितरणका लागि भनी लोगो सहित उल्लेख गरेको देखिएन ।<br>**4)** आपूर्ति भएका औषधी एंवम सर्जिकल समान स्टोर दाखिला हुनुअघि स्पेशीफिकेशन अनुसार भए/नभएको नखुलाएको ।<br>**5)** औषधिको जिन्सी किताबमा आम्दानी बाँध्दा खरिद गरेको र जिल्लाबाट हस्तान्तरण भई आएको खुल्ने गरी व्यवस्थित रुपमा आम्दानी बाँध्ने नगरेको ।<br>तसर्थ तोकिएको गुणस्तर अनुसारकै औषधि प्राप्त भएको नभएको एकीन गरी हस्तान्तरण तथा खरिद गरिएको औषधिको विवरण खुल्ने गरी अभिलेख व्यवस्थित गर्ने एवं निशुल्क रुपमा वितरण गर्नुपर्ने भनी तोकिएका औषधिमा लोगो सहित निशुल्क वितरण गर्नुपर्ने भनी उल्लेख गर्नुपर्ने व्यवस्था अनिवार्य रुपमा कार्यान्वयन गर्नुपर्दछ । | |
| ४६ | | | **बढी भुक्तानीः**<br>ग्रामीण अल्ट्रासाउन्ड कार्यक्रम सञ्चालन गरेबापत सि.अ.हे.व.चन्द्र बहादुर ढुङ्गानालाई गो.भौ.नं. २००-२०७८।३।३ बाट रु.१०००००।- भुक्तानी गरेको देखियो । संलग्न बिल भरपाई अनुसार रु.९७८४०।- भुक्तानी हुनुपर्नेमा बढी भुक्तानी भएको रकम असुल हुनुपर्ने रु. | २,१६० |
| ४७ | | | **सोझै खरिदः**<br>सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ बमोजिम प्रतिस्पर्धा सिमित नहुने गरी खरिद गर्नुपर्ने व्यवस्था छ । त्यस्तै सार्वजनिक खरिद नियमावलीमा रु.५ लाखसम्मको खरिद कार्य सोझैगर्न सकिने, रु.५ लाख भन्दा माथी रु.२० लाखसम्म सिलबन्दी दरभाउपत्रबाट र सोभन्दा माथि बोलपत्रको माध्यमबाट खरिद गर्ने व्यवस्था छ । त्यस्तै सोझैखरिद कार्य गर्दा एक आर्थिक वर्षमा सीमाभन्दा बढीको खरिद गर्न नहुने एवं एउटा आपूर्तिकर्तासंग एक पटकभन्दा बढी सोझैखरिद गर्न नहुने उल्लेख छ । नगरपालिकाले साना व्यवसायिक कृषि उत्पादन केन्द्र भैसी पकेट विकास कार्यक्रम अन्तर्गत वडा नं.७ मा १६४ भैसी गोठ सुधार कार्यका लागि कर्कटपाता एवं टोपिकिल्ला न्यू एमडि सकिल ट्रेडिङ्ग सप्लायर्ससँग सोझै खरिद गरी गो.भौ.नं.२६९-२०७८।३।२२ बाट रु.८७७६७१।- भुक्तानी गरेको देखियो प्रतिस्पर्धात्मक विधि नपनाई सोझै खरिद गरेको कार्य नियमित नदेखिएको रु. | ८७७,६७१ |
| ४८ | | | **खर्च शिर्षक फरक पारी खर्चः**<br>आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ३८ मा खर्च गर्ने अधिकार प्राप्त अधिकारीले स्वीकृत वार्षिक बजेट तथा कार्यक्रम र सम्बन्धित खर्च शिर्षकमा परेको एवं खर्च गर्न बाँकी रहेको यकिन गरी खर्च गर्न वा खर्च गर्ने निकासा दिनुपर्ने उल्लेख छ। नगरपालिकाले निम्नानुसारका खर्च लेख्दा खर्च शिर्षक फरक पारी खर्च लेखेको देखियो ।अतः तोकिए अनुसार खर्च नलेखी खर्च शिर्षक फरक पारी खर्च लेखेको नियमित नदेखिएको रु. | ८७४,२६१ |

| गो.भौ.नं. मिति | विवरण | खर्च लेखेको शिर्षक | रकम |
|---|---|---|---|
| ३०३-२०७८।३।२५ | निशुल्क पाठ्यपुस्तक अनुदान निकासा | दिवा खाजा कार्यक्रम | ३७५६४९.०० |
| २२२-२०७८।३।१५ | विभिन्न छपाई सम्बन्धी कार्य | बैठक भत्ता तथा अन्य भत्ता एवं ढुवानी (स्वास्थ्य सशर्त) | ४९८६१२.०० |
| जम्मा | | | ८७४२६१.०० |

४९

**सामाजिक सुरक्षातर्फ बढी निकासाः**

सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ ले लाभग्राहीको नाम दर्ता र नवीकरण, लगत कट्टा तोकिएको मिति भित्रै परिचयपत्र अनिवार्य रुपमा नवीकरण गरी सामाजिक सुरक्षा भत्ता वितरण गर्नुपर्ने, प्रत्येक बर्ष लगत अध्यावधिक गरी लाभग्राहीको संख्या यकिन गर्नुपर्ने, भत्ता वितरण गर्दा बैंक मार्फत भत्ता वितरण गर्नुपर्ने, सामाजिक सुरक्षा कार्यक्रमलाई प्रभावकारी रुपमा सञ्चलान गर्न नियमित रुपमा अनुगमन गर्नुपर्ने, केन्द्रिकृत सूचना प्रणालीमा प्रविष्टी गरि अधावद्यिक गर्ने जिम्मेवारी सामाजिक सुरक्षाको अख्तियारी पाउने सम्वन्धित स्थानीय निकायको हुने व्यवस्था गरेको छ । तर यस नगरपालिकाले लाभग्राहीको लगत अद्यावधिक नगरी मृत्यू भइसकेका लाभग्राहीको नाममा भत्ता वापतको रकम निकासा भएको र वसाइसराई भै गए पश्चात पनि भत्ता वापतको रकम वैक पठाएको देखियो । तसर्थ नगरपालिकाले लाभग्राही लगत अद्यावधिक गरी निम्नानुसार बढी खर्च लेखेको रकम असूल हुनुपर्ने रु.

१४४,०००

| नाम | जन्म | ना.नं. | मृत्यु | दर (मासिक) | वढी भुक्तानी | चौमासिक निकाशा |
|---|---|---|---|---|---|---|
| <u>**वडा नं. ३**</u> | | | | | | |
| अमृता विष्ट | १९९१।१२। ३० | १४११५ | २०७७।११।१० | ३०००.०० | १२०००.०० | तेश्रो पुरै |
| धनसरा ढोली | १९९९।३।२ | ३४२५१ | २०७७।१२।२२ | ३०००.०० | ९०००.०० | तेश्रो पुरै |
| दानसिंह वोगटी | १९९७।९।८ | २४२१५ | २०७८।२।१५ | ३०००.०० | ३०००.०० | तेश्रो पुरै |
| <u>**वडा नं. ४**</u> | | | | | | |
| दिल व. लोहार | २००५।१२। ३० | - | २०७७।९।१२ | ३०००.०० | १८०००.०० | दोश्रो र तेश्रो पुरै |
| नाक्ची धामी | १९९७।१२। ३० | १३६७५ | २०७७।९।१२ | ३०००.०० | १८०००.०० | दोश्रो र तेश्रो पुरै |
| काशि वोहरा | १९९२।१२। ३० | १३३२१ | २०७८।२।१५ | ३०००.०० | ३०००.०० | तेश्रो पुरै |
| मिन व. खत्री | २००३।५।११ | २४५१० | २०७८।२।२१ | ३०००.०० | ३०००.०० | तेश्रो पुरै |
| धाङरेआउजी | २००७।२।१ | १२९६९ | २०७८।२।२० | ३०००.०० | ३०००.०० | तेश्रो पुरै |
| डमरे भुल | १९९७।२।२ | १/३१४५ | २०७८।२।२५ | ३०००.०० | ३०००.०० | तेश्रो पुरै |
| <u>**वडा नं. ६**</u> | | | | | | |
| | | | | | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| कल्धरी भण्डारी | २००२।५।२ | ६९१०४६२१८४९ | २०७७।११।२७ | ३०००.०० | १२०००.०० | तेश्रो पुरै |
| **<u>वडा नं. ९</u>** | | | | | | |
| कित्थी देवी बोहरा | १९८६।६।२० | ६९३०३९२९६ | २०७७।७।३० | ३०००.०० | २४०००.०० | दोश्रो र तेश्रो पुरै |
| **वसाइसराई** | | | | | | |
| **वडा नं. ८** | | | | | | |
| मोतीसरा जैसी | १९९४।५।१५ | ६९१०३९१०६९ | २०७७ वैशाख ३ (वसाई सराई गरी गएको) | ३०००.०० | ३६०००.०० | तिनै चौमासिक |
| कूल जम्माः | | | | | १४४०००.०० | |

| | | | | |
|---|---|---|---|---|
| ५० | | | **हिसाव मिलानको विवरण पेश नभएको**<br>सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को दफा १४(४) मा नगरपालिकाले को.ले.नि.का मा भत्ता वापतको रकम निकासा माग गर्दा अनिवार्य रुपमा अघिल्लो चौमासिकको हिसाव मिलानको विवरण पेश गर्नुपर्ने व्यवस्था छ । नगरपालिकाले निकास माग गर्दा हिसाव मिलानको विवरण पेश गर्ने गरेको पाइएन। अतः कार्यविधिमा भएको व्यवस्था वमोजिम अघिल्लो चौमासिकको हिसाव मिलान विवरण पेश गरी निकासा माग गर्ने तर्फ नगरपालिकाको ध्यान जानु पर्दछ । | |
| ५१ | | | **भरपाई विश्वसनीय नभएको**<br>सामाजिक सुरक्षा भत्ता वापतको रकम वितरण गर्दा वडा नं १३ ले पहिलो चौमासिकको सामाजिक सुरक्षा भत्ता वापतको रकम वडा सचिव श्री डण्डी प्रसाद ढुंगानाले पेश्की लिई रु.४९४०८४१.०० नगदै भरपाई गराई वितरण गरेको छ । तर दोश्रो र तेस्रो चौमासिकमा वैक मार्फत भत्ता वापतको रकम निकाशा गर्दा रु.४३०००००.०० को हाराहारीमा वैंक पठाई भत्ता वापतको वितरण गरेको पाइयो। दोश्रो र तेस्रो चौमासिक भन्दा पहिलो चौमासिकमा करिव रु.६०००००.०० वढी भत्ता वापतको रकम वितरण भएको सम्बन्धमा कार्यालयले छानवीन गरी एकिन गर्नुपर्दछ । | |
| ५२ | | | **भरपाईमा कैफियत देखिएको**<br>वडा नं ३ का वडा सचिव श्री डण्डी प्रसाद ढुंगानाले प्रथम चौमासिकको सामाजिक सुरक्षा भत्ता वापतको रकम वितरण गर्न नगदै पेश्की लिई फछर्यौट गर्दा निम्नानुसार कैफियत देखिएकोले कार्यालयले एकिन गरी वढी भुक्तानी भएको भए उक्त रकम असुल गर्नुपर्दछ रु. | ३६,००० |

| नाम | जन्म मिति | ना.नं. | रकम | कैफियत |
|---|---|---|---|---|
| जेष्ठ नागरिक गोरेई देवी थापा | २००७।२।१५ | ६९३०४९-१०८ | १२०००.०० | रकम वुझेको भरपाई नभएको । |
| बालबालिका एश्वर्य वोगटि | २०७४।१०।८ | - | १६००.०० | संरक्षकको नाम नभएको र अन्य नामको व्यक्तिले रकम वुझेको |
| ,, अस्मिता धामी | २०७३।३।५ | - | १६००.०० | ,, ,, ,, |
| ,, उमेश थापा | २०७४।८।१६ | - | १६००.०० | ,, ,, ,, |
| ,, अनुषा विष्ट | २०७४।९।१४ | - | १६००.०० | ,, ,, ,, |
| ,, दशरथ वडेला | २०७४।३।३० | - | १६००.०० | ,, ,, ,, |
| ,, धिरज वोगटी | २०७४।९।२३ | - | १६००.०० | ,, ,, ,, |
| ,, निर्मल धामी | २०७५।१०।१५ | - | १६००.०० | ,, ,, ,, |
| ,, निशान धामी | २०७५।९।१९ | - | १६००.०० | ,, ,, ,, |
| ,, पानसरा धामी | २०७५।९।१४ | - | १६००.०० | ,, ,, ,, |
| ,, रमिता साउद | २०७४।११।४ | - | १६००.०० | ,, ,, ,, |
| ,, राजेश वडेला | २०७४।३।२४ | - | १६००.०० | ,, ,, ,, |
| ,, शुसिल धामी | २०७४।८।७ | - | १६००.०० | ,, ,, ,, |
| ,, सागर धामी | २०७४।९।८ | - | १६००.०० | ,, ,, ,, |
| ,, सारिका गडशिला | २०७५।६।१३ | - | १६००.०० | ,, ,, ,, |
| ,, हिम्मना धामी | २०७४।७।२८ | - | १६००.०० | |

| | | | | |
|---|---|---|---|---|
| | | | जम्माः<br>(columns: — / — / ३६०००.०० / —) | |
| ५३ | | | **कार्यालयले यकिन गर्नुपर्ने**<br>यस नगरपालिका अन्तर्गतका वडा कार्यालयको नमूना परीक्षणको आधारमा सामाजिक सुरक्षा भत्ता वापतको स्रेस्ता परिक्षण गर्दा कैफियत देखिएकोले अन्य वडाहरुको पनि कार्यालयवाटै लगत अद्यावधिक गरी एकिन गर्नुपर्दछ । साथै आर्थिक वर्ष समाप्त भएपछि लगत कट्टा पछी वितरण नभै बांकी रहेको रकम फ्रिज हुनु पर्नेमा कार्यालयले वैंकहरुलाइ पत्राचार गरी बांकी रकमको सम्बन्धमा एकिन गरेको नदेखिएकोले पत्राचार गरी बांकी रहेको देखिएमा उक्त रकम को.ले.नि.का खातामा जम्मा हुनु पर्दछ । | |
| ५४ | | | **समिति गठनः**<br>विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा १७(१) मा प्रत्येक स्थानीय तहले अध्यक्ष तथा प्रमुखको अध्यक्षतामा बढीमा १५ जना सदस्य रहेको स्थानीय विपद् व्यवस्थापन समिति गठन गर्नुपर्ने व्यवस्था छ । तर यस नगरपालिकाले ऐनमा तोकिएबमोजिमको समिति गठन गरेको पाइएन । ऐनमा तोकिएबमोजिम समिति गठन गरी तोकिएको काम, कर्तव्य र अधिकारमा सक्रिय बनाउनुपर्दछ । | |
| ५५ | | | **कार्य योजनाः**<br>विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा १७(२) तथा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन नियमावली, २०७६ को नियम (८) मा स्थानीय विपद् व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकारमा परिषद्/कार्यकारी/प्रदेश विपद् व्यवस्थापन कार्यकारी समितिबाट स्वीकृत एकीकृत क्षेत्रगत नीति तथा कार्यक्रम अनुरुप हुने गरी स्थानीय विपद् व्यवस्थापन योजना तर्जुमा गरी कार्यान्वियन गर्ने, बजेट विनियोजन गर्न लगाउने, सबै पक्षको समन्वय र संलग्न गराउने, विपद् पूर्व तयारी तथा प्रतिकार्य समिति गठन गर्ने, प्रभावित क्षेत्रमा उद्धार र राहत व्यवस्था गर्ने, ऐन बमोजिम कार्य गरे/नगरेको अनुगमन गर्ने, विपद् सूचना प्रणाली विकास र सञ्चालन, तथ्याङ्क अद्यावधिक गर्ने, विपद् घरपरिवारको पहिचान गर्ने, कर्मचारी क्षमता अभिवृद्धिको व्यवस्था र कार्यक्रम सहितको कार्ययोजना तयारी गरी लागू गर्ने/ गराउन सम्बन्धी व्यवस्था छ । नगरपालिकाले ऐन तथा नियमावलीमा तोकिए वमोजिम समिति गठन नगरेकोले विपद व्यवस्थापनका निर्णय तथा कार्यहरूको सम्बन्धमा एकिन गर्न सकिएन । ऐन तथा नियमावलीको पालना गर्नु/गराउनु पर्दछ । | |
| ५६ | | | **विपद् व्यवस्थापन कोषः**<br>विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा २३(१४) मा विपद् व्यवस्थापनको लागि प्रत्येक स्थानीय तहमा विपद् व्यवस्थापन कोष रहने र कोषमा रहने रकम तथा कोषको सञ्चालन सम्बन्धी व्यवस्था सम्बन्धित स्थानीय तहले बनाएको नियममा तोकिएबमोजिम हुने व्यवस्था छ । नगरपालिकाले गत वर्षको मौज्दात समेत रु.२२९०९६६.०० आम्दानी भई रु.२१७६७५१.०० खर्च गरी बाँकी रु.११४२१५.०० देखिन्छ । नगरपालिकाले खर्च मध्ये वाढी पिडितलाइ राहत खर्च वितरणमा रु.५७९४६१.०० र कोभिड व्यवस्थापनमा रु.१५४७२९०.०० भुक्तानी गरेको देखिन्छ । उक्त खर्च सम्बन्धमा देखिएका व्यहोरा निम्नानुसारछन् । | |
| ५६.१ | | | नगरपालिकाले कोभिड १९ रोकथाम तथा नियन्त्रणका लागी पिसिआर ल्याव सन्चालन गर्न भनी कमलवजार नगरपालिकालाई प्रकोप | |

| | | | | |
|---|---|---|---|---|
| | | | व्यवस्थापन कोषवाट रु.४२०००००.०० र नगरपालिका अनुदान चालुवाट रु.५८०००००.०० गरी जम्मा रु.१००००००.०० उपलब्ध गराएको छ । | |
| ५६.२ | | | कोभिड १९ रोकथाम तथा नियन्त्रणको लागी नगरपालिकाले विभिन्न स्थानमा वनाएको क्वारेन्टाइनको राशन खर्च, खाना खाजा खर्च, विरामी आवज जावतको लागी सवारी साधन भाडा खर्च, क्वारेन्टाइनमा कार्यरत कर्मचारीको पारिश्रिमक र स्वयंसेवकको पारिश्रमिक खर्च, VTM संकलन वापतको दैनिक भ्रमण भत्ता खर्च आदिमा रु.११२७२९०.०० खर्च लेखेको छ । यसरी खर्च लेख्दा क्वारेन्टाइनमा वसेका व्यक्तिको नामावली र वसेको अवधी खुल्ने विवरण संलग्न गरेको छैन । यसले गर्दा उक्त खर्च पुष्ट्याई हुने आधार प्रमाण संलग्न छैन । खर्चको पुष्ट्याई हुने विवरण संलग्न हुनुपर्दछ । | |
| ५७ | | | **वार्षिक प्रतिवेदनः**<br>विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा ४५ मा स्थानीय विपद् व्यवस्थापन समितिले प्रत्येक आर्थिक वर्षमा गरेको कामको विवरण सहितको वार्षिक प्रतिवेदन तयार गरी जिल्ला विपद् व्यवस्थापन समिति तथा प्रदेश विपद् व्यवस्थापन कार्यकारी समिति समक्ष पेश गर्नुपर्ने व्यवस्था छ । नगरपालिकाले कामको विवरण सहितको वार्षिक प्रतिवेदन तयार गरी सम्बन्धित समितिमा पेस गरेको पाइएन । ऐनमा भएको व्यवस्थाको पालना हुनुपर्दछ । | |
| ५८ | | | **सरकारी तथा सार्वजनिक जग्गा संरक्षण, उपयोग तथा हक हस्तान्तरणः**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७ मा गाउँपालिका तथा नगरपालिकाले आफ्नो क्षेत्रभित्रको सरकारी सामुदायिक तथा सार्वजनिक सम्पत्तिको रेखदेख, मर्मत सम्भार र संरक्षण गर्नुपर्ने व्यवस्था छ ।नगरपालिकाले आफ्नो क्षेत्रभित्रको सार्वजनिक सम्पत्तिको मर्मत सम्भार एवं संरक्षण गरेको अभिलेख राखेको पाइएन । नगरपालिकाले आफ्नो क्षेत्रभित्रको सम्पत्तिको रेखदेख मर्मत सम्भार एवं संरक्षण गर्री अभिलेख राख्नु पर्दछ । | |
| ५९ | | | **जिन्सी व्यवस्थापन र लगत अद्यावधिकः**<br>कार्यालयमा रहेको खर्च भएर नजाने प्रकृतिका जिन्सी मालसामानहरु जस्तै मोटरसाइकल, ल्यापटप, कम्प्यूटर, प्रिन्टर, टेवल, कुर्सी, दराज जस्ता मालसामानहरु कार्यालयको मूल जिन्सी खातावाट सामान सम्बन्धित व्यक्ति, वडा कार्यालय र विषयगत शाखामा कार्यरत कर्मचारीहरुलाई माग फारामको आधारमा हस्तान्तरण जनाई मौज्दात घटाएको पाइयो ।अतः उक्त सामानहरु वडा कार्यालय र विषयगत शाखाहरुले पनि आम्दानी नबाँधेको कारण उक्त मालसामानहरु हराउन सक्ने देखिएकोले सहायक जिन्सी खाता राखी सामान वुझाउनु पर्ने र हस्तान्तरण भनी मौज्दातबाट घटाइएका मालसामानहरु कार्यालयकै मूल जिन्सीमा आम्दानी बाँधी लगत अद्यावधिक गर्नुपर्ने देखिन्छ । | |
| ६० | | | **पेश्कीः** | ९९५,००० |

आर्थिक वर्षको अन्त्यमा बाँकी रहेको पेश्की मध्ये लेखापरीक्षण अवधीसम्म फछ्र्यौट भएको रकम घटाई म्याद नाघेको बांकी पेश्की रकम प्रचलित नियमावली वमोजिम फछ्र्यौट गर्नुपर्ने रु.

| सि.नं | पेश्कीको व्यहोरा | पेश्की लिनेको नाम | पेश्की रकम |
|---|---|---|---|
| १ | नगरस्तरिय मेला व्यवस्थापन कार्यक्रम | शिव मन्दिर मेला व्यवस्थापन समिति | २५०००.०० |
| २ | विभिन्न सामाजिक अभियान सन्चालन खर्च | तपेन्द्र वहादुर स्वार | ४००००.०० |
| ३ | वडा नं १४ को विविध खर्च | धिरेन्द्र वोहरा | ३००००.०० |
| ४ | मर्मत खर्च | रुपक प्रसाद भाट | ५००००.०० |
| ५ | प्रशासकिय भवन निर्माण | राममणि निर्माण सेवा | ८५००००.०० |
| | जम्माः | | ९९५०००.०० |

६१ अनुगमन तथा सम्परीक्षण

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८४ मा बेरुजू फछ्र्यौट गर्ने व्यवस्था रहेको छ ।सोही ऐनको दफा ८४(२)(घ) मा बेरुजू फछ्र्यौट गर्ने गराउने काम कर्तव्य प्रमुख प्रशासकीय अधिकृतको हुने व्यवस्था छ। यो वर्षको लेखापरीक्षणको क्रममा सम्परीक्षण भई गत बर्षसम्मको बाँकी बेरुजु निम्नानुसार रहेको छ ।

| गत वर्षसम्मको बाँकी बेरुजू (A) | यो वर्ष संपरीक्षण गरिएको बेरुजू(B) | गत बर्षसम्मको बाँकी बेरुजू (C=A-B) |
|---|---|---|
| ७६६२१ | १८३४९ | ५८२७२ |

६२ सम्परीक्षण

यस वर्ष फछ्र्यौट भएको वेरुजुको स्थिति निम्नानुसार रहेको छ ।

(रु.हजारमा)

| सि.नं. | आ.व. | वेरुजु दफा नं. | वेरुजुको संक्षिप्त व्यहोरा | फछ्र्यौटको आधार | | | | सम्परीक्षण |
|---|---|---|---|---|---|---|---|---|
| | | | | असुली | प्रमाण | नियमित | पेश्की | |
| १ | २०७६।७७ | ११ | मौज्दात रकम संचित कोष फिर्ता गर्नुपर्ने | ० | १०१२ | ० | ० | १०१२ |
| २ | २०७६।७७ | ६४ | अनुगमन प्रतिवेदन | ० | १००० | ० | ० | १००० |
| ३ | २०७६।७७ | ३६ | कार्यसम्पन्न प्रतिवेदन पेश | ० | १४५५ | ० | ० | १४५५ |
| ४ | २०७६।७७ | ३९ | अवकाश पछी वढी तलव भु. | ३० | ० | ० | ० | ३० |
| ५ | २०७६।७७ | ३७ | कार्यसम्पन्न प्रतिवेदन पेश | ० | १४३४ | ० | ० | १४३४ |
| ६ | २०७६।७७ | ३५ | भरपाइ पेश | ० | ३०१६ | ० | ० | ३०१६ |
| ७ | २०७६।७७ | ४१ | दै.भ्र.भत्ता वढी भुक्तानी | ६ | ० | ० | ० | ६ |
| ८ | २०७६।७७ | ५२.३ | प्रोभिजनलसम वढी भुक्तानी | ११५ | ० | ० | ० | ११५ |
| ९ | २०७६।७७ | ६७ | गाडी खरिदको स्रेस्ता पेश | ० | ७०७५ | ० | ० | ७०७५ |
| १० | २०७६।७७ | ७६ | दोहोरो त.भत्ता भुक्तानी नभएको प्रमाण पेश | ० | ३६ | ० | ० | ३६ |
| ११ | २०७६।७७ | ३४ | अनुगमन प्रतिवेदन पेश | ० | २९०० | ० | ० | २९०० |
| १२ | २०७६।७७ | ५०.२ | वढी भुक्तानी असुल भएको | २० | ० | ० | ० | २० |
| १३ | २०७६।७७ | ५०.३ | वढी भुक्तानी असुल भएको | १५० | ० | ० | ० | १५० |
| १४ | २०७६।७७ | ५४ | वढी भुक्तानी असुल भएको | १०० | ० | ० | ० | १०० |
| | | | | ३९४ | १७९२८ | ० | ० | १८३४९ |

६३ अद्यावधिक बेरुजु

यस नगरपालिकाको २०७७।७८ सम्मको फछ्यौट गर्न बाँकी बेरुजुको स्थिति देहायअनुसार रहेको छ

| गत वर्षसम्मको बाँकी बेरुजू (A) | यो वर्ष संपरीक्षण गरिएको बेरुजू(B) | यो वर्ष कायम बेरुजू(C) | संपरीक्षणबाट कायम बेरुजू(D) | अध्यावधिक बाँकी बेरुजू (E=A-B+C+D) |
|---|---|---|---|---|
| ७६६२१ | १८३४९ | ३२६४७ | ० | ९०९१९.०० |